का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ पुस २०८१,
बुधबार
8 January, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २२, अंक ३२० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## चीनमा भूकम्प धक्का नेपालमा

*चीनको स्वशासित तिब्बतमा मंगलबार बिहान ७ दशमलव १ म्याग्निच्युडको शक्तिशाली भूकम्प जाँदा १२६ जनाको मृत्यु भएको छ । नेपाल-चीन सीमामा अवस्थित सगरमाथा क्षेत्र नजिकै डिंगयीमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले नेपाल, भारत र भुटानका विभिन्न स्थानमा पनि हल्लाएको थियो । भूकम्पबाट नेपालमा १३ जना घाइते भएका छन् । भूकम्प गएपछि तिब्बतको शिगात्से शहरमा १ हजारभन्दा बढी भवन भत्किएका र १८८ जना घाइते भएको चिनियाँ अधिकारीहरूले पुष्टि गरेका छन् । तस्बिर: सिन्ह्वा*

# संविधान संशोधन नगर्ने संकेत

नेपाली कांग्रेस र नेकपा एमाले मिल्दा प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुग्छ तर राष्ट्रियसभामा समस्या छ । राष्ट्रियसभाको समेत समीकरण मिलाउन २०८७ सालसम्म लाग्न सक्ने सत्ता गठबन्धनका नेताहरू बताउँछन्

**जानकी पाठक / मध्यान्ह**
काठमाडौं, २३ पुस ।

नेकपा एमाले र नेपाली कांग्रेस नेतृत्वले वर्तमान सरकारको प्रमुख उद्देश्यबारे भन्दै आएको प्रमुख विषय हो- संविधान संशोधन । संविधानले नै संघीय संसद्ले संविधान प्रारम्भ भएको १० वर्षपछि पुनरावलोकन गर्ने भनेको छ ।

यही विषयलाई पृष्ठभूमिमा राखेर कांग्रेस र एमालेले १७ असार २०८१ मध्यराति संयुक्त सरकार बनाउनेगरी ७ बुँदे समझदारी गरेका थिए । समझदारीको बुँदा नम्बर २ मा संविधान संशोधनको विषयबारे उल्लेख छ ।

'...सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने' उल्लेख छ ।

तर, यो ७ बुँदे सम्झौताअनुसार संविधान संशोधनको विषय वर्तमान सरकारले नै अगाडि बढाउने भन्नेमा संशय पैदा भएको छ । संशय व्यक्त गर्ने स्वयं प्रधानमन्त्री केपी शर्मा ओली छन् ।

नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले मंगलबार पार्टीको बैठकमा संविधान संशोधन २०८७ सालमा हुने बताए । आइतबार सुरु भएको एमालेको केन्द्रीय कमिटी बैठक समापन गर्दै ओलीले तत्काल संविधान संशोधन नहुने बताए ।



> संविधान संशोधन गर्न दुई तिहाइ जुटाउने पक्षमा छौं तर राष्ट्रियसभाका कारण सम्भव भइरहेको छैन । संविधान संशोधन त गर्ने नै हो तर २०८७ सालमा
>
> **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

संविधान संशोधनबारे ओलीको सटीक टिप्पणी छ, 'संविधानमा केही त्रुटि छन्, संशोधन गर्नुपर्ने छ तर २०८७ मा मात्रै हुन्छ ।' अर्थात्, प्रधानमन्त्री ओलीले नै २०८७ सालमा संविधान संशोधन गर्नका लागि माहोल बनाउन २०८१ असारमै ७ बुँदे सम्झौता गरेको सन्देश दिन खोजेका »» पृष्ठ २ मा

# रिहा गर्न लागेका ३४ बन्दीमा छैन विपीनको नाम



**इजरायल-प्यालेस्टाइन युद्ध**

इजरायल सरकारको नियन्त्रणमा रहेका हमासका लडाकुलाई रिहा गराउन उसले बन्दी साटफेर गरेको हो, जसमा सबै इजरायली नागरिक मात्र छन्

**निमिष झा / मध्यान्ह**
काठमाडौं, २३ पुस ।

गाजा युद्धविराम सम्झौताअन्तर्गत पहिलो चरणमा ३४ बन्धकलाई रिहा गर्न प्यालेस्टाइनी लडाकु समूह हमास सहमत भए पनि नेपाली विद्यार्थी विपीन जोशीको नाम परेको छैन ।

इजरायलसँगको सम्भावित सम्झौताअनुसार पहिलो चरणमा ३४ बन्दीलाई रिहा गर्न हमास सहमत भएको हो ।

७ अक्टोबर २०२३ मा हमास लडाकुले इजरायलको गाजा नजिकैको शहरबाट अपहरण गरी लगेका बन्दीहरूमध्ये ३४ जनालाई अपहरणमुक्त गर्न लागिएको सूचना सार्वजनिक भएको छ ।

इजरायल-हमासबीच युद्धविरामको प्रयासका लागि कतारमा छलफल जारी छ । यदि युद्धविराम भयो भने पहिलो चरणमा ती बन्दीहरू रिहा गरिने हमासले »» पृष्ठ २ मा

**एमाले / माओवादी बैठक**

# आन्तरिक लोकतन्त्र देखाउने दाँत !

पार्टी कमिटी क्रियाशील रहेको देखाउन र आन्तरिक लोकतन्त्रको अभ्यास गरेको भन्न वर्ष दिनमा एक पटक केन्द्रीय समितिको बैठक राख्ने र आफूअनुकूल निर्णय गराउने नेतृत्वको प्रवृत्ति नेकपा एमाले र नेकपा माओवादी केन्द्रमा यस पटक दोहोरिएको छ

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २३ पुस ।

नेपालका २ ठूला कम्युनिस्ट पार्टी नेकपा एमाले र नेकपा (माओवादी केन्द्र)ले केन्द्रीय समितिको बैठक सम्पन्न गरेका छन् । गत आइतबार एकै दिन सुरु भएर मंगलबार एकै दिन समापन भएका दुवै दलभित्रका गतिविधि समान रूपमा अगाडि बढेका थिए ।

माओवादीको बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले ३० पेजको राजनीतिक प्रतिवेदन ल्याएका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले ४७ पेजको राजनीतिक प्रतिवेदन ल्याएका थिए । राजनीतिक प्रतिवेदनमा रहेका कतिपय विषयमा समानता त कतिपय विषयमा फरक मतसमेत थिए । तर, दुवै दलले यो पटकको केन्द्रीय समितिको बैठकबाट समान उद्देश्य पूरा गर्ने प्रयास गरे । त्यो विषय हो- पार्टीभित्रको फरक मतको व्यवस्थापन ।

एमालेमा फरक मत राखेकै कारण भीम रावल पार्टीबाट निष्कासनमा परेका छन् । अरू २ जना नेतालाई स्पष्टीकरण सोधिएको छ । फरक मत राखेकै कारण पार्टीमा कारबाहीमा परेको भनेर एमालेभित्र कतिपयले असन्तुष्टि व्यक्त गर्दै आएका छन् । त्यसको झल्को केन्द्रीय समितिको बैठकमा पनि देखियो ।

व्यवसायी मीनबहादुर गुरुङबाट जग्गासहित केन्द्रीय कार्यालय भवन दानमा लिने निर्णयलाई लिएर रावलसहितका नेताहरूले असहमति जनाएका थिए । असहमति जनाउने नेताहरू कारबाहीमा पर्दासमेत केन्द्रीय कमिटी बैठकमा कतिपय नेताहरूले व्यापारीबाट दानको घर लिएर पार्टी संचालन गर्नु राम्रो नहुने भनेर धारणा राखे ।

गत २५ असोजमा एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओली र व्यापारी गुरुङ दम्पत्तीले कीर्तिपुरमा केन्द्रीय कार्यालय भवन शिलान्यास गरेका थिए ।

उक्त निर्णयलाई लिएर सार्वजनिक रूपमै आलोचना गर्ने नेताहरू कारबाहीमा परेका स्मरण गर्दै अध्यक्ष ओलीले असन्तुष्टि भए पार्टीमै राख्न आग्रह गरे । सडकमा गएर पार्टीको आलोचना गर्ने विषय विधिसम्मत नरहेको भनेर ओलीले आन्तरिक लोकतन्त्रप्रति प्रतिबद्ध रहेको र आफ्ना विषय विधिसम्मत रूपमा राख्न आग्रह गर्दै पार्टीभित्रको विवाद मत्थर पार्ने प्रयास गरे ।

यस्तै दृश्य माओवादीको केन्द्रीय समितिको बैठकमा पनि थियो । माओवादीमा उपमहासचिव जनार्दन शर्माले महाधिवेशन माग गरेका थिए । नवौं महाधिवेशनलाई विशेष महाधिवेशनको रूपमा तत्काल गर्नुपर्ने उनको माग थियो । तर, अध्यक्ष प्रचण्डले ६ महिनापछि महाधिवेशनको तालिका नै घोषणा गर्नेगरी केन्द्रीय समितिको बैठक राख्ने भनेर सम्बोधनको प्रयास गरे । उपमहासचिव शर्माले चाहेजस्तो वैचारिक छलफलको माहोल भने बनेन ।

उल्टै माओवादी अध्यक्ष प्रचण्डले पार्टीमा आन्तरिक लोकतन्त्र रहेको र यसको सम्मान आफूबाट हुने भनेर विश्वास जित्ने प्रयास »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# ५ महिनामै ४ हजार १०० ठगीका उजुरी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ पुस ।

वैदेशिक रोजगारीमा युरोपेली मुलुक पोल्यान्ड पठाउने भन्दै ८० लाख रुपैयाँभन्दा बढी ठगी भएको छ । प्रहरीले सप्तरीको विष्णुपुर गाउँपालिकाका कृष्ण यदुवंशी र गोरखाको सुलिकोटका ३७ वर्षीय राजेश बरामलाई उक्त ठगीको उजुरीका आधारमा पक्राउ गरेको बताएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरूलाई राजधानीबाट पक्राउ गरेको हो ।

पक्राउ परेकामध्ये यदुवंशीले पोल्यान्ड पठाउने भन्दै ७२ लाख ४८ हजार १५० रुपैयाँ र बरामले पनि वैदेशिक रोजगारीका लागि उक्त मुलुक पठाउने भन्दै ८ लाख ९० हजार रुपैयाँ ठगी गरेको प्रहरीले बताएको छ ।

प्रहरीले पक्राउ परेका दुवै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको बताएको छ ।

युरोप, अमेरिकालगायतका सम्पन्न मुलुकमा वैदेशिक रोजगारीका लागि पठाइदिने भन्दै ठगी »» पृष्ठ २ मा

## नेपाली दूतावास अबुधाबीको घुम्ती शिविर

**काठमाडौं / मस-** संयुक्त अरब इमिरेट्स (यूएई)स्थित नेपाली राजदूतावास अबुधाबीले राजदूतावास, गैरआवासीय नेपाली संघ, यूएईलगायत अन्य संघसंस्थाको सहयोगमा घुम्ती शिविर संचालन गरेको छ ।

यही ५ जनवरी (२१ पुस)मा अबुधाबीबाट करिब ३०० किलोमिटर टाढा रसअल खैमहमा राहदानी घुम्ती शिविर संचालन गरी सरकारले श्रम सुशासनका क्षेत्रमा अवलम्बन गरेका नीतिगत, कानुनी तथा प्रक्रियागत सुधारका बारेमा जानकारी गराएको दूतावासले विज्ञप्तिमार्फत जनाएको छ ।

दूतावासले सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता, सोको प्रक्रिया तथा औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा प्राप्त हुने फाइदा, पुनः श्रम स्वीकृतिसम्बन्धी व्यवस्था, वित्तीय »» पृष्ठ २ मा

**Vacancy Announcement**

A well reputed Manpower Office looking for Experienced & Energetic Staffs.

Accountant - 2 (Male/Female)
Documentation - 3 (Male/Female)
Receiptionist - 2 (Female)
Peon - 2 (Female)

Preferable with job experience in related field of manpower.

SALARY - NEGOTIABLE

R.P. International Consultancy P. Ltd.
Bishalnagar Chowk, Kathmandu, Nepal, Mobile: 9817786633
श्रम इजाजत नं. ४८१/०६१/०६२
Email: rpiconsultancy2006@gmail.com, Web.: www.rpinternational.com.np

**विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही मिति २०८१ पुष मसान्तभित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तानी नगर्ने विज्ञापन एजेन्सी/संस्था/ व्यक्तिहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं, फोन नं.: ५३२६३६६, ५३२८२९८
Email: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com
www.madhyanhadaily.com Madhyanha TV Madhyanha News

मध्यान्ह
www.madhyanhadaily.com
२४ पुस २०८१ बुधबार
8 January 2025, Wednesday

# संविधान बदल्ने होइन, संशोधन गर्ने हो : ज्ञवाली

**काठमाडौं/मस**-नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले देशका समग्र समस्याहरुलाई संविधान संशोधनमार्फत गर्ने प्रयास भइरहेको बताएका छन् ।



मंगलबार काठमाडौंमा आयोजित संविधान संशोधन माथि बौद्धिक बहस खोजपत्र प्रस्तुत तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले मुलुकमा क्रान्तिले जगाएको अपेक्षा र अहिलेको डेलिभरीकाबीचमा भएको ठूलो अन्तरले मुलुकमा समस्याहरु आइरहेको बताए ।

उनले भने,'मूलुकमा अहिले धेरै समस्या छन् । क्रान्तिले जगाएको अपेक्षा र अहिलेको हाम्रो डेलिभरीकोबीचमा ठूलो अन्तर छ । सबै समाधान संविधानमार्फत नै होस् भनेर संविधान संसोधन गर्न खोजिरहेको छौं । के कारणले आजको समस्या आएको छुट्याउन पर्नेछ । कति संविधानका अन्तरनिहित कमजोरीका कारणले भएको छन् र कति चाँही संविधानभित्र अभ्यास गर्ने पात्र, संस्था र प्रवृत्तिहरुका कारणले समस्या आएको छ । त्यसलाई हेर्न आवश्यक छ ।'

त्यस्तै उनले सबै कुराको समाधान संविधान संशोधनमा खोज्ने र समाधान भएन भने संविधान नै बदल्ने सोचले कहीँ पुग्न नसकिने धारणा राखे । उनले भने,'सबै कुराको समाधान संविधानमा खोज्ने, संविधान संशोधनमा खोज्ने र त्यो समाधान भएन भने चाँही संविधान नै बदल्नतिर लाग्ने तरिकाले चाँही कहीँ पुग्दैनौं जस्तो मलाई लाग्छ ।' सोही कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नेता डा।मिनेन्द्र रिजालले स्थानीय तहमा पार्टीले समर्थन गर्न पाइने तर पार्टीको चिन्ह प्रयोग गर्न नपाइने खालको निर्वाचन पद्दती निर्माण गर्नुपर्ने धारणा राखे । देशभरी कांग्रेस एमाले माओवादी र मधेश केन्द्रित दलहरुको प्रभुत्तको कारणले संघीयता विकास हुन नसकेको उनको भनाइ छ ।

उनले भने,'स्थानीय तहलाई यही रुपमा लाने हो भने पार्टीले समर्थन गर्न पाइने तर पार्टीको चिन्ह प्रयोग गर्न नपाइने खालको निर्वाचन पद्दती हुनुपर्छ । त्यो भयो भने मानिस अलिकति भएपनि केही हदमा स्वतन्त्र हुन्छ । देशभरी कांग्रेस एमाले माओवादी र मेधेस केन्द्रीत दलहरुको प्रभुत्वको कारणले संघीयता स्वभाविक रुपमा विकास हुन नसकेको हो ।' त्यस्तै उनले अहिले कारोबारी राजनीति भइरहेको भन्दै यसबाट ननिस्कँदासम्म संविधान संशोधन गर्न नसकिने बताए । कारोबारी मानसिकतामा संविधान संशोधनमा हात हालेका संविधानमा आगो लाग्ने उनको भनाइ छ ।

# सशस्त्रका ४ डीआईजीहरूको म्याद थप

**काठमाडौं/मस**-सरकारले सशस्त्र प्रहरीका ४ जना प्रहरी नायब महानिरीक्षक (डीआइजी)हरूको म्याद थप गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले डीआइजीहरू कमल गिरी, गणेश थाडामगर, कूलबहादुर नेम्वाङ र शम्भु सुवेदीको एक वर्षको म्याद थपेको हो । उनीहरूको चार वर्षे पदावधि आज सकिँदै थियो ।




सशस्त्र प्रहरी नियमावलीमा डीआइजीको पदावधि चार वर्षको हुन्छ । सरकारले चाहेमा थप एक वर्ष थप्न सकिने व्यवस्था छ ।

सशस्त्र नियमावली २०७२ को परिच्छेद १० को दफा ६५ मा एआईजी र डीआईजीको पदावधि आईजीपीको सिफारिसमा मन्त्रिपरिषद्ले एक वर्ष थप्न सकिने व्यवस्था गरेको छ ।

'उपनियम (१) को खण्ड (ग) को उपखण्ड (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सशस्त्र प्रहरी महानिरीक्षकको सिफारिसमा नेपाल सरकारले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक र सशस्त्र प्रहरी नायब महानिरीक्षक पदमा बहाल रहेका सशस्त्र प्रहरी अधिकृतको पदावधि एक वर्ष थप गर्न सक्नेछ,' नियमावलीमा भनिएको छ ।

यसैगरी सरकारले नेपाली सेनाका ३ महासेनानीलाई रथी पदमा बढुवा गर्ने निर्णय गरेको छ ।

बढुवा हुनेमा महासेनानी सुनिलसिंह राठोर, महेश राणा र दीपेन्द्र गुरुङ छन् । बढुवा सम्बन्धी निर्णय गर्न मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेको थियो ।

# प्रशासनले इजतेमा कार्यक्रम रोक्न लागेको भन्दै गृहमन्त्रीलाई ज्ञापनपत्र

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २३ पुस

संघीय समाजवादी पार्टी मुस्लिम संघले जिल्ला प्रशासन कार्यालय रौतहटले इजतेमा कार्यक्रम रोक्न लागेको भन्दै गृहमन्त्री रमेश लेखकलाई ज्ञापनपत्र बुझाएको छ ।

संघले आगामी माघ २६, २७, २८ गते रौतहटको परोहा नगरपालिका-८,नरकटिया टोलमा मुस्लिम धर्मावलम्बीहरूको धार्मिक परम्परा, रीतिथिति र अन्य धार्मिक क्रियाकलापहरू सिकाइने महत्वपूर्ण कार्यक्रम 'इजतेमा' आयोजना गर्ने तय भएपनि कार्यक्रमलाई जिल्ला प्रमुख अधिकारी रौतहटको आदेशअनुसार रोक्ने प्रयास भएको भन्दै गृहमन्त्री लेखकलाई ज्ञापनपत्र बुझाइएको हो ।



संघले बुझाएको ज्ञापनपत्रमा भनिएको छ,'नेपालको संविधानले सबै जाति, भाषा, संस्कृति, तथा मौलिक अधिकारको सुनिश्चितता गरेको छ । तर, हालैका घटनाक्रमले मुस्लिम समुदायको आस्थामा गम्भीर चोट पुगेको महसुस भएको छ । नेपाल बहुजातीय, बहुभाषीय, बहुधार्मिक, र बहुसांस्कृतिक विविधताले भरिपूर्ण देश हो । यस मुलुकमा मुस्लिम समुदायको फरक पहिचान र अस्तित्वलाई संविधानले मान्यता दिएको छ ।'

संघले यो कार्य नेपाल सरकारद्वारा संविधान प्रदत्त मौलिक हकको गम्भीर उल्लंघन भएको भन्दै निर्णय असंवैधानिक, अलोकतान्त्रिक, र निरंकुश प्रवृत्तिको रहेको जनाएको छ ।

ज्ञापनपत्रमा भनिएको छ, 'राज्य कुनै एकल व्यक्ति, जात, धर्म, वा सम्प्रदायको मात्र नभइ सबै नेपालीको साझा थलो हो । यसकारण, सो धार्मिक क्रियाकलाप निर्विघ्न रूपमा सम्पन्न गर्न दिन नेपाल सरकारसमक्ष हाम्रो पार्टी जोडदार माग गर्दछ ।'

संघले गृहमन्त्रीले संविधान सम्मत र न्यायोचित ढंगले आफ्ना मागहरू पूरा गर्ने अपेक्षा राखेको छ । अन्यथा, पार्टी मागहरू पूरा गराउन बाध्य भएर चरणबद्ध आन्दोलनको घोषणा गर्न बाध्य हुने ज्ञापनपत्रमा उल्लेख छ ।

# नेपालगंजमा शीतलहरले जनजीवन प्रभावित

**नेपालगंज/मस**-नेपालगंजमा बाक्लो हुस्सु तथा कुहिरोसँगै शीतलहर चलेको छ । सोमबार रातिदेखि शीतलहर चल्दा यहाँको जनजीवन प्रभावित भएको छ ।



नेपालको तराई क्षेत्रमा हरेका वर्ष शीतलहरले धेरैको ज्यान लिने गरेको र मानव स्वास्थ्यबाहेक खेतीपाती, पशुपालन, सडक यातायात, हवाइ उडान, शैक्षिक गतिविधि आदीसमेत प्रभावित हुँदै आएका छन् ।

बिहानैदेखि शीतलहर चल्दा यहाँको जनजीवन कष्टकर बनेको छ । मंगलबार त दिनभरि शीतलहर चलेको छ ।

दुई पांग्रे सवारी साधनलाई अझ बढी समस्या भएको मोटरसाइकल चालक प्रवीण चौधरीले बताए ।

शीतलहरले चिसो बढेसँगै बालबालिका, वृद्धवृद्धा, अस्पतालका बिरामी, दीर्घरोगीलाई अझ बढी प्रभावित बनाएको छ । लामो तथा छोटो दुरीमा आवातजावत गर्ने यात्रुहरु पनि प्रभावित भए । दैनिक ज्यालादारी काम गरेर खाने वर्ग पनि समस्यामा परेका छन् । कतिपय मजदुर काममा निस्किन सकेनन् भने शीतलहरलाई छिचोल्दै कति भने काममा निस्केका थिए ।

मंगलबार देशभरिमा सबैभन्दा कम न्यूनतम तापक्रम जुम्लामा माइनस ६ दशमलव ५ डिग्री सेल्सियसमा झरेको छ भने अधिकतम तापक्रम सबैभन्दा कम हुम्लामा १० डिग्री सेल्सियस मापन गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले आफ्नो बुलेटिनमा उल्लेख गरेको छ ।

चिसोले ज्यालादारी काम गरेर खाने वर्गलाई समस्या भएको छ । उनीहरु चिसोले गर्दा काममा निस्किन सकेका छैनन् । चिसो बढेसँगै पश्चिम जिल्लामा रुघाखोकीलगायतका संक्रमण देखिएको छन् । अहिले अस्पतालहरु स्वास्थ्य क्लिनिकहरूमा बिरामीको चाप बढेको छ । आउने बिरामीमध्ये अधिकांशमा रुघाखोकी देखिएको स्वास्थ्यकर्मीहरूले बताएका छन् । जिल्ला प्रहरी कार्यालय बाँकेले पनि शीतलहरबाट बच्न सर्वसाधारणमा अपील गरेको छ । आकाशलाई दिनभरि कुहिरोले ढाक्ने र घाम नलाग्ने हुँदा आकाशबाट अत्यन्त चिसो शीत खस्ने भएकाले सचेत हुन प्रहरीले अपील गरेको हो । चिसो बतास (हावा) चल्ने र शीत खस्ने भएकाले यसबाट बच्न गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउन प्रहरीले जारी गरेको अपिलमा भनिएको छ ।

## संविधान...

छन् । तर, प्रधानमन्त्री ओलीको टिप्पणी उपर नेपाली कांग्रेसका नेताहरूले कुनै टिप्पणी गरेका छैनन् । संविधान संशोधन गर्नेसहितका एजेन्डामा सहमत भएर सरकार बनाउने मुख्य २ दलमध्ये कांग्रेस एउटा दल हो । कांग्रेस र एमाले मिल्दा प्रतिनिधिसभामा दुई तिहाइ बहुमत पुग्छ । राष्ट्रियसभामा भने कांग्रेसले बहुमत पुऱ्याउन २/२ वर्षमा हुने निर्वाचनमध्ये २०८२ सालको निर्वाचनमा प्रयास गर्न सक्छ ।

अब राष्ट्रियसभामा २०८३ सालमा निर्वाचन हुन्छ । यही सम्झिएर केन्द्रीय समितिको बैठकस्थित सभाहलमा एमाले नेताहरूले अध्यक्ष ओली झुक्किएको हो कि भनेर सच्याउन खोजेका थिए ।

एमाले नेताहरूले '२०८७ नभएर २०८३ साल भन्न खोजेको हो कि !' भनेर जिज्ञासा राखेका थिए । तर, अध्यक्ष ओली अलमलिएनन् । 'मैले २०८७ सालमै भनेको' भनेर जबाफ फर्काए ।

अध्यक्ष ओलीले नै भनेका छन्, 'संविधान संशोधन गर्न दुई तिहाइ जुटाउने पक्षमा छौं । तर, राष्ट्रियसभाका कारण सम्भव भइरहेको छैन । संविधान संशोधन त गर्ने नै हो तर २०८७ सालमा गर्ने हो ।'

एमालेका कतिपय नेताहरूका अनुसार २०८४ सालमा आउने चुनावी परिणाम समेतलाई अनुमान गरेर ओलीले २०८७ सालमा संविधान संशोधन हुने भनेका हुन् ।

## रिहा...

भनेको छ । ती बन्दीहरूको सूचीमा इजरायली नागरिकहरू मात्र छन् ।

यसअघि आफ्नो नियन्त्रणमा १०० जना बन्दी रहेको सार्वजनिक जानकारी गराएको हमासले पहिलो सूचीमा ती ३४ जनाको नाम सार्वजनिक गरेको हो ।

हमासका एक वरिष्ठ अधिकारीले ३४ बन्धकको सूची सार्वजनिक गरेका छन् । तर, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले भने हमासले बन्धकको सूची अझै उपलब्ध नगराएको जनाएको छ ।

हमासले सार्वजनिक गरेको सूचीमा महेन्द्रनगरका जोशीको नाम नरहेको इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले जानकारी दिए । उनले लडाकु समूह हमासले स्वदेशी बन्दीहरूलाई मात्र साटफेर गर्ने भएकाले विदेशी नागरिकलाई रिहा गर्ने सम्भावना नरहेको बताए ।

'हामीलाई प्राप्त जानकारीअनुसार हमासले रिहा गर्न लागेका ३४ जनामा कुनै पनि विदेशी नागरिक छैनन् । त्यसैले नेपाली विद्यार्थी जोशीको नाम छैन', राजदूत पण्डितले मध्यान्हसँग भने, 'इजरायल सरकारको नियन्त्रणमा रहेका हमासका लडाकुलाई रिहा गराउन उसले बन्दी साटफेर गरेको हो, जसमा सबै इजरायली नागरिक मात्र छन् ।'

राजदूत पण्डितका अनुसार पहिलो चरणमा रिहा गर्न लागिएका बन्दीहरूमा अधिकांश महिला, बालबालिका र वृद्धवृद्धाहरू छन् ।

गत वर्ष २० असोजमा हमास समूहले इजरायलमा आक्रमण गरेको थियो । आक्रमणमा नेपालका १० जना विद्यार्थी मारिएका थिए भने ४ जना घाइते भएका थिए । आक्रमणमा हजारभन्दा बढीको मृत्यु भएको थियो । उक्त घटनापछि जोशी अहिलेसम्म बेपत्ता छन् । प्रत्यक्षदर्शी नेपाली विद्यार्थीले जोशीलाई हमास लडाकुले कब्जामा लिएर लगेको बताएका छन् ।

राजदूत पण्डितले जोशीको रिहाइका लागि कूटनीतिक प्रयास जारी रहेको बताए । 'हाम्रो प्रयास जारी छ तर उनको अवस्था अझै अज्ञात छ', उनले भने । केही समयअघि सार्वजनिक भएको एक भिडियो फुटेजमा जोशी जीवितै रहेको सूचना आएको थियो ।

यसै वर्ष मंसिरमा नेपालका लागि नवनियुक्त इजरायली राजदूत समुलिक ए. वासले जोशी गाजा क्षेत्रमा जिउँदै रहेका सूचना पाएको बताएका थिए ।

सूचीमा रहेका नामहरूमा १० महिलासहित केही युवा छन् । सूचीमा रहेका धेरै बन्दीहरू बिरामी छन् ।

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले मन्त्री नियुक्त भएलगत्तै नेपालका लागि इजरायलीसहित खाडी देशका राजदूतहरूलाई जोशीको रिहाइका लागि पहल गरिदिन आग्रह गरेकी थिइन् । हमासको नियन्त्रणमा रहेका ती बन्दीहरूको रिहाइका लागि मध्यस्थता एवं सहजीकरणको काम गरिरहेका कतार र इजिप्टसँग पनि मन्त्री राणाले आग्रह गरेकी थिइन् ।

मन्त्री राणाले संयुक्त राष्ट्रसंघको ७९औं महासभामा आयोजित विभिन्न कार्यक्रमहरूमा पनि जोशीको रिहाइका लागि पहल गरिदिन विश्व समुदायसँग आग्रह गरेकी थिइन् ।

## आन्तरिक...

गरे । प्रचण्डले भनेका छन्, 'पद्धतिसम्मत गरिने विचार अभिव्यक्ति भिन्न मत वा आलोचनाको स्वतन्त्रतालाई कुण्ठित गरिने हुँदैन र कुण्ठित गरिने पनि छैन ।'

बोलीमा जे जस्तो भए तापनि व्यवहारमा एमाले र माओवादी दुवै दलमा आन्तरिक लोकतन्त्र देखाउने विषय मात्र भएको सरोकारवालाहरू बताउँछन् ।

उनीहरूका अनुसार पार्टी कमिटी क्रियाशील रहेको देखाउन र आन्तरिक लोकतन्त्रको अभ्यास गरेको भन्न वर्ष दिनमा एक पटक केन्द्रीय समितिको बैठक राख्ने र आफूअनुकूल निर्णय गराउने नेतृत्वको प्रवृत्ति यस पटक पनि दुवै दलमा दोहोरिएको छ ।

## ५ महिनामै ...

गर्ने प्रवृत्ति व्यापक रूपमा देखापरेको वैदेशिक रोजगार विभागले बताएको छ ।

विभागमा गत आर्थिक वर्ष २०८०/०८१ मा ७ हजार ७६३ उजुरी दर्ता भएका छन्, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा करिब ४३ प्रतिशतले बढी भएको विभागको भनाइ छ ।

चालू आर्थिक वर्षको ५ महिनामा मात्र करिब ४ हजार १०० वटा उजुरी दर्ता भएका छन् । करिब ४ वर्षअघि वर्षभरिमा ८००-९०० को हाराहारीमा ठगीका उजुरी दर्ता हुने गरेकामा चालू आर्थिक वर्षको ५ महिनामै ४ हजार १०० ठगीका उजुरी दर्ता हुनुले व्यक्तिगत ठगी व्यापक बनेको अनुभवीहरू बताउँछन् ।

यसअघि व्यक्तिगत ठगीमा पक्राउ पर्नेहरूविरुद्ध वैदेशिक रोजगार न्यायाधीकरणमा ठगी मुद्दा दर्ता भएपछि अधिकांश प्रतिवादी दोषी ठहर हुने गरेकामा हाल वैदेशिक रोजगार ठगीमा मेलमिलाप हुने भएपछि ठगीका घटनामा अस्वाभाविक रूपमा वृद्धि भएको कतिपयको टिप्पणी छ ।

शैक्षिक कन्सल्टेन्सीले पनि वैदेशिक रोजगारीका नाममा ठूलो रकम ठगेको विभागको भनाइ छ । शैक्षिक कन्सल्टेन्सीले शिक्षा मन्त्रालय मातहत रहेको तर मन्त्रालयले उनीहरूलाई अनुगमन र नियन्त्रण गर्न नचाहेका कारण उनीहरूले ठूलो रकम ठगेको अनुमान छ ।

उजुरी पर्ने क्रम बढे पनि ठगीको रकम फिर्ता हुने प्रवृत्ति भने तुलनात्मक रूपमा सुस्त छ । आर्थिक वर्ष २०८०/०८१ मा ७ हजार ७६३ उजुरी परेकामा ३ हजार ४५९ वटा फछ्र्यौट भई पीडितले करिब ३१ करोड रुपैयाँ फिर्ता पाएका विभागले जनाएको छ ।

चालू आर्थिक वर्षको ५ महिनामा २ हजार ३८१ उजुरी फछ्र्यौट भई पीडितको १९ करोड ४० लाख बराबरको रकम फिर्ता भएको छ ।

विभागमा व्यक्तिगत ठगीको तुलनामा संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत हुने ठगी तुलनात्मक रूपमा घट्दै आएको विभागको भनाइ छ । संस्थागत अर्थात् म्यानपावर व्यवसायीले ठगी गरेमा तत्कालै उनीहरूको नगद धरौटीबाट कट्टा गरेर पीडितलाई दिने अवस्थाले म्यानपावरविरुद्धका उजुरी दर्ता हुने क्रम घटिरहेको र दर्ता भए पनि मेलमिलापको माध्यमबाट छिटो टुंगो लगाउने गरिएका कारण व्यक्तिगत ठगीसम्बन्धी उजुरीको तुलनामा म्यानपावर कम्पनीविरुद्धका थोरै रहेको बताइएको छ ।

## नेपाली...

साक्षरतालगायत विविध विषयमा जानकारी दिएको हो । उक्त घुम्ती शिविरमा ३३५ जना नेपालीको राहदानी नवीकरण गर्नुका साथै त्यहाँ उपस्थित ५५० नेपाली श्रमिकलाई नेपाल र यूएईका विद्यमान श्रम कानुनका विषयमा जानकारी प्रदान गरिएको थियो ।

राहदानीको म्याद समाप्त भइसकेका, प्रवेशाज्ञाको म्याद समाप्त भइसकेका र राहदानी हराई समस्यामा परेका व्यक्तिको राजदूतावासले प्राथमिकताका साथ नवीकरण गर्ने गरेको नेपाली राजदूतावास अबुधाबीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

शिविरबाट नेपाली श्रमिकले विद्यमान कानुनी प्रक्रियाका बारे जानकारीसहित राहदानी नवीकरणको सुविधा पाएका छन् ।

# उच्च प्रभाव सामुदायिक विकास परियोजना हस्तान्तरण



**काठमाडौं/मस**- 'नेपाल-भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको बागलुङस्थित भीमगिठे माध्यमिक विद्यालयको विद्यालय भवन हस्तान्तरण गरिएको छ ।

जिल्ला समन्वय समिति,बागलुङका प्रमुख अमरबहादुर थापा, बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारी र काठमाडौंस्थित भारतीय राजदूतावासका काउन्सलर अविनाशकुमार सिंहले संयुक्तरूपमा विद्यालय व्यवस्थापन समितिलाई औपचारिक रूपमा सोमबार हस्तान्तरण गरे । उक्त कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी तथा समाजसेवीलगायतको उपस्थिति रहेको दूतावासले जनाएको छ ।

'नेपाल-भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग अन्य सहयोगी संरचनासँगै विद्यालय भवनको निर्माणमा उपयोग गरिएको थियो । यस परियोजनालाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रूपमा अघि बढाइएको थियो र जिल्ला समन्वय समिति, बागलुङमार्फत कार्यान्वयन गरिएको थियो ।

जिल्ला समन्वय समिति, बागलुङका प्रमुख, बडिगाड गाउँपालिकाका अध्यक्ष, राजनीतिक प्रतिनिधि तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नेपाली जनताको उत्थानका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको सराहना गरेका थिए ।

नवनिर्मित संरचना विद्यालयका विद्यार्थीलाई शिक्षा प्रदान गर्न उपयोगी हुनेछ । साथै यसले सिकाइका लागि राम्रो वातावरण सिर्जना गरी यस क्षेत्रको शिक्षा क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउने बताइएको छ ।

उक्त विद्यालय सन् १९५८ मा स्थापना भई सन् १९६८ मा निम्न माध्यमिक विद्यालयका रूपमा स्तरोन्नति भएको हो । पछि सन् १९८८ मा यो विद्यालय माध्यमिक तहमा स्तरोन्नत भएको विद्यालयले कक्षा १ देखि १२ सम्म अध्यापन गराउँदै आएको छ । विद्यालयमा करिब ७०० जना विद्यार्थीहरू अध्ययनरत छन् जसमा ५४ प्रतिशत छात्रा रहेका छन् ।

# गेटामा तत्कालै स्वास्थ्य विज्ञान विश्वविद्यालय असम्भव : स्वास्थ्यमन्त्री

**धनगढी/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कैलालीको गेटामा स्वास्थ्य विज्ञान विश्वविद्यालय तत्काल सञ्चालन हुन कठिन रहको बताएका छन् । आर्थिक स्रोत र मानव संशाधनलगायतका कुराले विश्वविद्यालय स्थापना गर्न कठिन हुने स्वास्थ्यमन्त्री पौडेलले बताए ।

'विधेयक बन्दैमा गेटामा विश्वविद्यालय सञ्चालन हुन सक्दैन,' मन्त्री पौडेलले भने 'विश्वविद्यालय निर्माणको कुरामा कसैको असहमति छैन । तर। विश्वविद्यालय बन्न आफ्नै प्रक्रिया छन् । लागत अत्यधिक छ । आर्थिक स्रोत, मानव संशाधनलगायत पूर्वाधार आवश्यक हुन्छ । समय लाग्छ ।'



अस्पताल नै सञ्चालन नभएको र मेडिकल पढाइ पनि नभएको अवस्थामा विश्वविद्यालय बन्न कठिन हुने मन्त्री पौडेलले बताए । तत्काल अस्पताल सञ्चालन गर्ने र एमबीबीएस पढाइ सञ्चालन गर्नेतर्फ जानुपर्ने उनको भनाइ छ ।

मन्त्री पौडेलले गेटामा विश्वविद्यालय स्थापनाको प्रक्रिया लामो हुने र लागत पनि अत्यधिक हुने भएकाले तत्काल विशिष्टिकृत स्वास्थ्य सेवा उपलब्ध गर्ने गराउनेतर्फ आफ्नो जोड रहेको बताए । 'असारसम्म एक सय बेडको त जसरी पनि बनाउँछौं । सकभर तीन सय बेडकै बनाउँछौं,' मन्त्री पौडेलले । सरकारले २९ माघ २०८० मा कैलालीको गेटामा सहिद दशरथन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा विश्वविद्यालय स्थापना गर्ने विधेयक राष्ट्रिय सभाबाट पारित भएर हाल प्रतिनिधिसभामा विचाराधिन छ ।

# बार अध्यक्ष घिमिरेविरुद्धको मुद्दामा श्रव्यदृश्य झिकाउन आदेश

**काठमाडौं/मस-** नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेविरुद्धको अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले कार्यक्रमको श्रव्यदृश्य (अडिओ र भिडियो) झिकाउन आदेश गरेको छ ।

न्यायाधीशहरू नहकुल सुवेदी र अब्दुल अजिज मुसलमानको मंगलवारको इजलासले अध्यक्ष घिमिरेले दिएको भनाइसम्बन्धीको अडिओ र भिडिओ झिकाउने आदेश गरेको हो ।

'११ असोजमा काठमाडौं जिल्ला अदालत बार इकाइले



आयोजना गरेको कार्यक्रममा व्यक्त गरेको भन्ने लिखित जवाफको प्रकरण ४ मा उल्लेख भएको देखिँदा उक्त कार्यक्रमको श्रव्य/दृश्यको छायाङ्कन/अभिलेख आयोजक बार इकाईबाट झिकाई प्रत्यर्थीलाई देखाई/सुनाई सोको सनाखत गराई मिसिल सामेल गरी नियमानुसार पेस गर्नू', सर्वोच्चले भनेको छ । नेपाल बारका अध्यक्ष घिमिरेले न्यायाधीश नियुक्तिका विषयलाई लिएर विवादास्पद अभिव्यक्ति दिएका थिए । उनले न्यायाधीश नियुक्तिमा प्रधानन्यायाधीशले लेनदेन गर्ने गरेको आरोप लगाएका थिए । अदालतको जनआस्थामा असर पुग्ने गरी सार्वजनिक टिप्पणी गरेको भन्दै सर्वोच्चका उपरजिष्ट्रार गोविन्द घिमिरेले उनीविरुद्ध अदालतको अवहेलनामा मुद्दा दिएका हुन् ।

# उखु किसानले पाए भुक्तानी

**महोत्तरी/मस-** महोत्तरीको गौशाला-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजले भने नियमित तालिकामा भुक्तानी दिइरहेको छ ।

यसपाली जारी क्रसिङ सिजनमा पुस तेस्रो साताभित्रै उद्योगले पाँच पटक गरेर किसानलाई रु ४५ करोड ६४ लाख ६१ हजार भुक्तानी गरिसकेको जनाएको छ । गत मंसिर २६ गते उखु क्रसिङ (उखु पेल्न) थालेको उद्योगले त्यसयता शनिबारसम्म आठ लाख ४५ हजार ७० क्वीन्टल उखुको भुक्तानी दिइएको उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाले जानकारी दिए ।

यस सिजनमा उद्योगले ३५ लाख क्वीन्टल उखु क्रसिङको लक्ष्य लिएको छ । यो गत वर्षभन्दा छ लाख क्वीन्टल बढी हो । यसपटक सरकारले पनि उखु क्रसिङ अगावै मूल्य निर्धारण गरेपछि भुक्तानीमा सहज भएको शुक्लाको भनाइ छ । सरकारले उखुको मूल्य प्रतिक्वीन्टल पाँच सय ८५ निर्धारण गरेको छ । यो गत वर्षभन्दा रु २० बढी हो । उद्योगले दिने उखुको मूल्यबाहेक किसानलाई सरकारले प्रतिक्वीन्टल ७०



रुपैयाँ अनुदान दिने जनाइएको छ ।

उद्योगले समयमै भुक्तानी दिए पनि किसानले राहत महसुस गरेका छन् । चार वर्ष पहिलेसम्म भुक्तानीका लागि वर्ष दिनसम्म भौतारिनुपर्ने अवस्था अन्त्य हुनु निकै सकारात्मक भएको उखु उत्पादक किसान संघ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहले बताए ।

'उद्योगले भुक्तानी सहज बनाएको छ तर मूल्यमा किसान ठगिएका छन् र उत्पादक किसानले यसपटक गत वर्षको मूल्यमा १५ प्रतिशत थपको माग गरेका थिए तर सरकारले प्रतिक्वीन्टल रु २० मात्र थपेको छ । हामी अझै यसबारे सरकारले पुनःविचार गरिदेओस् भन्नेमा छौं', उनले भने ।

भुक्तानी सहज बनेपछि यहाँ उखुखेती गर्ने क्षेत्रफल पनि बढ्दै गएको छ । १५ वर्ष पहिले जिल्लामा १५ हजार बिघा पुगेको खेती भुक्तानी झमेलाले घट्दै गएर आव २०७७/७८ मा पाँच हजार बिघामा झरेको थियो । यद्यपि भुक्तानी क्रमशः सहज बन्दै जाँदा खेती बढ्दै गएर यसपालि नौ हजार बिघा पुगेको जनाइएको छ ।

# कांग्रेस उपसभापति गुरुङसँग सीआईबीले लियो दोस्रो पटक बयान

**काठमाडौं/मस-** केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले मंगलबार नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङको फेरी बयान लिएको छ ।

गुरुङलाई केन्द्रीय अनुसन्धान ब्युरोमा बोलाएर करिब साढे चार घण्टा सोधपुछ गरिएको सिआइबीका एसपी होविन्द्र बोगटीले जानकारी दिए । यसअघि २८ कात्तिकमा



प्रहरीले उनलाई सोधपुछका लागि बोलाएको थियो । ललितपुर महानगरपालिका-५ स्थित महालक्ष्मीस्थानमा सञ्चालित मितेरी बचतको रकम अपचलन घटनाको विषयमा सिआइबीले गुरुङसँग सोधपुछ गरिरहेको छ । सहकारीको रकम हिनामिना गरेको भन्दै सहकारीको सञ्चालक समेत रहेकी गरुङकी पूर्वपत्नी ज्योति गुरुङसहित ५ जनाविरुद्ध जाहेरी परेको छ ।

# साढे ३ महिनापछि बस्यो मधेश प्रदेशसभा बैठक



**जनकपुरधाम/मस-** मधेश प्रदेशसभाको चौथो अधिवेशन साढे तीन महिना पछि बसेको छ ।

चौथो अधिवेशनको पहिलो बैठकमा सभामुख रामचन्द्र मण्डलले प्रदेश प्रमुखबाट प्राप्त मधेश प्रदेश सभाको चौथो अधिवेशन आव्हानसम्बन्धी पत्र पढेर सुनाएका छन् । लामो समयदेखि बन्द रहेको प्रदेशसभा बैठकमा प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणको पत्र पढेर सुनाएका थिए ।

सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्ययक्षता गर्ने सदस्यहरूको मनोनयन गरेको छ । सभामुख रामचन्द्र मण्डलले प्रदेश सभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम ११ बमोजिम बैठकको अध्ययक्षता हरिनारायण महतो, चन्दन सिंह, जवाहर कुशवाहा, रमेश प्रसाद कुर्मीलाई मनोनयन गरेका छन् ।

प्रदेश सभाको तेस्रो अधिवेशन गत ४ असोजमा अन्त्य भएको थियो । प्रदेश सभाको दोस्रो कार्यकालको पहिलो अधिवेशनमा ३६, दोस्रो अधिवेशनमा १४ र तेस्रो अधिवेशनमा ३४ वटा बैठक बसेको थियो । कृषिसम्बन्धी विधेयक, बिउबीजनसम्बन्धी विधेयक, पर्यटन विधेयक र बालबालिकासम्बन्धी व्यवस्था गर्न बनेको ऐनको संसोधनसहितका बिजनेस प्रदेश सभामा छन् । प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा दास पहाडीले मधेशमा पर्यटनको विकास र प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न विधेयक सम्बन्धी समितिको प्रतिवेदन सभामा पेश गर्ने कार्यसूची रहेको छ ।

# दुधियावामा विज्ञान प्रदर्शनी

**रौतहट/मस-** रौतहटको फतुवा विजयपुर नगरपालिका -१० स्थित श्री माध्यमिक विद्यालयमा विज्ञान प्रदर्शनी आयोजना गरिएको छ ।

सोमबार बिहान ११ बजेदेखि विद्यालय परिसरभित्र सुरु भएको प्रदर्शनी २ बजेसम्म चलेको थियो ।

विद्यालयले विद्यार्थीहरूलाई विज्ञानसम्बन्धी गतिविधिमा सहभागी गराउन वार्षिक रूपमा प्रदर्शनी आयोजना गर्ने गरेको प्रधानाध्यापक रबिन्द्र जयसवालले जानकारी दिए । यसबाट विद्यार्थीलाई पढाइमा रुची जाग्ने र अभिभावकले पनि बालबालिकाको सिकाइ नियाल्न पाउने भएकाले यस्ता गतिविधिलाई प्राथमिकता दिने गरिएको प्रधानाध्यापक जयसवालले बताए ।



उनले भने,'कक्षाकोठा बाहिर पनि विद्यार्थीले थुप्रै सिक्छन् । कोठाभित्रै सीमित गराउनुभन्दा विज्ञानका विषय अभ्यास गराउँदा उनीहरूले बुझ्छन् भनेर हामीले यस्ता प्रदर्शनी आयोजना गर्दै आएका छौं ।' प्रदर्शनीमा कक्षा १ देखि १० सम्मका बालबालिका सहभागी थिए । बालबालिकाहरूले गरेको पेन्टिङ पनि प्रदर्शनीमा राखिएको थियो ।

विद्यार्थीहरूले रंगको समिश्रणबाट बन्ने विभिन्न रंग, ब्रह्माण्डमा रहेका ग्रहहरू, ब्याट्रीबाट उत्पादित विद्युत्को प्रयोग, प्रकाश र सिसाको प्रयोगले बनाइएको क्यामेरा प्रदर्शनीमा राखिएको थियो ।







# 'पर्यटक बसपार्क' निर्माणको माग



**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटक बस राख्नका लागि अलग्लै 'पर्यटक बसपार्क' आवश्यक रहेको बताएका छन् । यहाँस्थित अस्थायी बसपार्कको निरीक्षण गर्दै उनले संघीय राजधानी काठमाडौंलगायत देशका विभिन्न स्थानमा पर्यटक बसपार्कको आवश्यकता रहेको बताए ।

उनले भने,'नेपाल पर्यटकीय दृष्टिकोणले धनी देश हो, पर्यटकीय गन्तव्य सबै ठाउँमा पर्यटक बसपार्क आवश्यक छ, यसका निर्माणका लागि पहल गर्छु ।'

टुरिष्ट बस एशोसिएसन अफ नेपालले काठमाडौंको गौशालास्थित पशुपति क्षेत्र विकास कोषमा बसपार्क निर्माणका लागि गरेको पहलबारे आफू छलफल गरेर अगाडि बढ्ने मन्त्री पाण्डेको भनाइ थियो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन प्रवर्द्धनका लागि मुलुकको संघीय राजधानी काठमाडौंमा पर्यटक बसपार्कको आवश्यक रहेको बताएका थिए । उनले पर्यटक बसपार्क निर्माणका लागि बोर्डले सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

नेपाल एशोसिएसन टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले टिवान र नाट्टाले पशुपति क्षेत्र विकास कोषसँग बसपार्क निर्माणका लागि प्रक्रिया अगाडि बढाइसकेको भन्दै उक्त कार्यमा सहयोग गर्न मन्त्रीलाई आग्रह गरेका थिए ।

टुरिष्ट बस एशोसिएसन अफ नेपालका अध्यक्ष भीष्म न्यौपानेले पर्यटकीय राजधानी पोखरा र चितवनको सौराहमा पर्यटकका लागि छुट्टै बसपार्क भए पनि संघीय राजधानी काठमाडौंबाट भने सडकबाट पर्यटक बस गुडाउनुपर्ने बाध्यता रहेको भन्दै यसलाई अन्त्य गर्न पहल गरिदिन सरकारको ध्यानाकर्षण गरेका थिए ।

टिवानका संस्थापक अध्यक्ष श्रीकान्त आचार्य, सल्लाहकार केदार शर्मा, मदन आचार्यलगायतले मुलुकको राजधानीमा काठमाडौंबाट बसपार्कको अभावका कारण बिहान ७ बजे चितवन, पोखरा, लुम्बिनीलगायत क्षेत्रमा पर्यटक बस गुडाउनुपर्ने अवस्था आएको भन्दै बसपार्क निर्माण भए जुनसुकै समयमा पर्यटक बस सञ्चालन गर्न सकिने बताएका थिए । हाल मुलुकको राजधानी काठमाडौंबाट पोखरा र चितवनको सौराह, लुम्बिनी, जनकपुरका लागि मात्रै दैनिक झण्डै एक सयवटा पर्यटकीय बस आवतजावत गर्दै आएका छन्भने दैनिक तीन हजारदेखि चार हजार हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकले पर्यटक बसमा यात्रा गर्ने गरेका छन् । व्यवसायीले हाल बिहान ५ देखि ७ बजेसम्म सोह्रखुट्टेको सडकमा पर्यटकीय बस 'पार्किङ' गरेर यात्रु बोक्दै आएका छन् भने रातको समयमा विभिन्न 'ग्यारेज'मा शुल्क तिरेर पार्किङ गर्दै आएका छन् ।



## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/२४ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), दफा ६४ को उपदफा १ को च बमोजिम र यस कार्यालयको निर्णयानुसार यस गाउँपालिकाको IEE (आई.ई.ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाँटहरुमा निर्धारीत मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खनन् गरी गाउँपालिकाले तोकेको परिमाण बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको चालु आ.व. को नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धिकर (VAT) दर्ता प्रमाण-पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा करचुक्ताको म्याद थपको प्रमाणपत्र संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधिनमा रही मिति २०८१/१०/०२ (Janaury 15, 2025) गते दिउँसो १२:०० बजे भित्र (Submission) दर्ता गर्न हुन ईच्छुक सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र मिति २०८१/१०/०२ गते दिउँसो १:०० बजे भित्र खोलिने व्यहोरा जानकारी गरिन्छ ।

| बोलपत्र नं. | बोलपत्रको नाम तथा विवरण | उत्खनन परिमाण (घनमिटर) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| KRM-NCB-Goods-01-2081/082 | मोरामुख घाट, ढारेखोला खोलामुख घाट, कइनकाँडा खोलाघाट, स्यानिपिप्लिखोला घाट, सेति खोला, शान्तिबजार खोला आदि उत्खनन् तथा बिक्री | ५३१६८२.८ | २६५८४१४ | ३००० | कबोल अंकको ५ प्रतिशत |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२४ पुस २०८१ बुधबार
8 January 2025, Wednesday

## सम्पादकीय

# भूकम्पले नहल्लाएको नेतृत्व


चीनको स्वशासित क्षेत्र तिब्बतमा (२३ पुस बिहान) गएको शक्तिशाली भूकम्पको धक्का नेपालमा पनि महसुस भएको छ । राजधानी काठमाडौंसहित नेपालका उत्तरी क्षेत्र र भारतका कतिपय भू–भागमा पनि भूकम्पको धक्का महसुस भएको अन्तर्राष्ट्रिय संचार माध्यमहरूले जनाएका छन् । ती संचार माध्यमहरूका अनुसार नेपालको उत्तरी सीमाबाट झण्डै सय किलोमिटर उत्तरमा ७ दशमलव १ म्याग्निच्युडको भूकम्प गएको हो । यो भूकम्पमा परी तिब्बतको विकट क्षेत्रका १२६ जनाको मृत्यु र १८८ जना घाइते (मंगलबार रातिसम्म) भएका छन् । हजारभन्दा बढी घर भत्किएका छन् भने उद्धार कार्य जारी रहेकाले मृतक संख्या बढ्ने अनुमान गरिएको छ । तर, शक्तिशाली भूकम्पबाट नेपालमा देखिनेगरी ठूलो क्षति नभएको सरकारी अधिकारीहरूले जनाएका छन् ।

मानवीय अथवा भौतिक क्षति नभएकाले भूकम्पबारे चासो पनि धेरै देखिँदैन । राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत शीर्ष नेताहरूले साँझ मात्र प्रेस नोट जारी गर्नुले भूकम्पबारे धेरै चासो नेपालमा नरहेकै बुझ्न सकिन्छ । तर, मंगलबार बिहान धक्का महसुस भइरहँदा राजधानी काठमाडौंको दृश्य हेर्दा पनि भूकम्पको त्रास आमनागरिकमा असाध्यै ठूलो छ । चिसो बिहानमा धेरै मानिस ओछ्यानमा हुँदै भूकम्प आएको थियो । भूकम्पको धक्कापछि घरबाहिर निस्कनेको भीड र हो–हल्ला सम्झने हो भने भूकम्पको त्रास कुन तहमा छ भन्ने अनुमान लगाउन सकिन्छ ।

हुन पनि विनाशकारी गोर्खा भूकम्पको १० वर्ष पनि भएको छैन । १२ वैशाख २०७२ मा गएको भूकम्पबाट नेपालमा झण्डै ९ हजारको ज्यान गएको थियो भने २० हजारभन्दा बढी घाइते भएका थिए । हजारौं भौतिक संरचना भत्किएका थिए । त्यो भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण नसकिँदै गत वर्ष जाजरकोटमा भूकम्प गयो । त्यो भूकम्पमा परेर १५३ जनाको मृत्यु भएको थियो । ती भूकम्पपीडितको पुनर्स्थापना अझै भइसकेको छैन । त्यसैले क्षति नै नभए पनि तिब्बत भूकम्पको भय आमनागरिकमा देखियो । तर, देशको नेतृत्व गर्नेमा आवश्यक सतर्कता र सचेतता देखिएन । यो निकै चिन्ताजनक विषय हो किनकि हाम्रो जस्तो भूकम्पीय उच्च जोखिममा रहेको देशका नेतृत्वले हरदम जोखिम प्रतिरोध पूर्वकार्यबारे सोच्नुपर्छ । नागरिकलाई हमेसा विश्वास दिलाउने र भूकम्पप्रतिरोधी संरचना निर्माणमा प्रेरित गर्नुपर्छ ।

# अर्थतन्त्र र कृषि

अग्रलेख



● के. बी. बस्नेत

हालसम्म पनि यहाँ कृषि विकासका लागि छुट्टाइएको रकम पर्याप्त नभएकाले भविष्यमा उक्त रकम कुल वार्षिक बजेटको न्यूनतम २९ प्रतिशत हुन नितान्त आवश्यक छ । यसका लागि सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुनुपर्छ...

नेपालको अर्थतन्त्र लयमा फर्केको बताइरहँदा स्वदेशी उत्पादनहरू आवश्यकताअनुरूप बढाउन नसक्दा धेरैजसो वस्तुहरू आयात गरेर उपभोग गर्ने अवस्था सिर्जना भएको छ । हालसालै भन्सार विभागले सार्वजनिक गरेको एक तथ्यांकअनुसार यहाँको निर्यातको तुलनामा आयात १० गुणा बढी छ, जसले यहाँको अर्थतन्त्र कमजोर भएको इंगित गर्छ ।

नेपालको वैदेशिक व्यापारलाई नियाल्दा यहाँका भान्सामा प्रयोग गरिने वस्तुहरूदेखि औषधि, लत्ताकपडा, सवारी साधन, पेट्रोलियम पदार्थलगायत अन्य वस्तुहरू आयात गरिन्छ । फलतः यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

यहाँको अर्थतन्त्रको सबलीकरणको लागि कृषि विकासले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ, जसका लागि उन्नत बिउ बीजनको प्रयोगले उल्लेख्य भूमिका खेल्न सक्छ ।

विश्वभर जनसंख्या वृद्धि भई ८ अर्ब नाघेको छ । यो जनभारलाई भरणपोषण गर्नका लागि कृषि विकासबाहेक अर्को विकल्प छैन । वस्तुतः मानव जीवनमा प्रत्यक्ष सरोकार राख्ने व्यवसाय कृषि हो । नेपालका झन्डै दुई तिहाइ जनता हालसम्म पनि उक्त व्यवसायमा आश्रित छन् । भौगोलिक बनोटका कारण नेपाल कृषि विकासका लागि पर्याप्त सम्भावना भएको देश हो । परन्तु, हाल यो देशलाई कृषिप्रधान देश भन्न पनि लाजमर्दो भएको छ किनभने केही वर्षयता यहाँको कृषि उत्पादन नपुग भएकाले आयात बढिरहेको छ ।

एकातिर यहाँको कृषियोग्य जमिन प्रत्येक वर्ष मासिँदै र बाँझिँदै गएको छ भने अर्कातिर यहाँका ग्रामीण जनताको शहरतिर बसाइँ सराइका कारण कृषि उत्पादन घट्दै गएको छ । आगामी दिनहरूमा पनि यस्तो अवस्था विद्यमान रहने छ ।

आज जलवायु परिवर्तनले संसारका विभिन्न क्षेत्रमा गहिरो प्रभाव परेको छ । यसको सबैभन्दा बढी नकारात्मक प्रभाव कृषि क्षेत्रमा परेको छ । यस्तो परिवर्तनका कारण नेपाललगायत विश्वका सबैजसो देशहरूमा मौसमअनुकूलको खेती गर्ने अवस्था छैन । फलतः यी देशहरूमा कृषि उत्पादन थप घट्दो क्रममा छ । पछिल्ला तथ्यांकहरूलाई नियाल्यौं भने पनि ती विषयहरू प्रस्ट हुन्छन् ।



हालै विश्व बैंकद्वारा प्रकाशित नेपाल विकास प्रतिवेदनअनुसार आगामी दिनहरूमा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्ने छ । वास्तवमा यहाँका ग्रामीण जनताको बढ्दो बसाइँ सराइ, युवाहरूको विदेश पलायन, भूक्षय, पानीको मुहान सुक्ने बढ्दो क्रम, जंगली जनावरहरूको बढ्दो प्रकोप, तराईमा सडक सिर्जित डुबानको समस्या आदि कारणहरूले यस्तो अवस्था भएको हो ।

१९९४ सालमा नेपालमा कृषि विकास परिषद्को स्थापना गरिएको थियो, जसको प्रमुख उद्देश्य कृषि विकास गर्नु थियो । कृषिको समसामयिक सुधारका लागि १ पुस २०२१ मा यहाँ भूमि सुधार ऐन लागू गरियो, जसबाट आशा गरेअनुरूप फाइदा हुन सकेन ।

२०५२ सालमा दीर्घकालीन कृषि नीति अपनाइयो तर यसलाई व्यवहारमा उतार्न नसक्नाले कृषिमा ठोस विकास भएन । पछिल्लो समय २० वर्षे (२०७२-२०९२) कृषि नीति अवलम्बन गरिएको छ । खाद्यान्नमा आत्मनिर्भर हुने, रोजगारी सिर्जना गर्ने, खाद्य तथा पोषण सुरक्षा गर्ने उक्त नीतिको प्रमुख उद्देश्य छ । परन्तु, यहाँको खेतीयोग्य जमिनमा उन्नत बिउ बीजनको प्रयोगबिना उक्त उद्देश्य परिपूर्ति गर्न सहज छैन किनभने उक्त बिउ बीजनको प्रयोगले कृषि उत्पादन ३ गुणासम्म वृद्धि गर्न सकिने कुरा एक अध्ययनले देखाएको छ ।

हालसम्म पनि नेपालका अधिकांश कृषकहरूले आफ्ना खेतीयोग्य जमिनमा रैथाने बिउ बीजन प्रयोग गर्दै आएका छन् । यदि भविष्यमा यहाँको कृषि उत्पादन उल्लेख्य रूपमा बढाउने हो भने उनीहरूलाई उन्नत बिउ बीजनको व्यवस्था गरी प्रयोग गर्न उत्प्रेरित गर्न आवश्यक छ । तर, कुनै पनि खेतीयोग्य जग्गामा लामो अवधिसम्म एकै किसिमका उन्नत बिउ बीजन प्रयोग गर्दा त्यहाँको उत्पादन क्षमतामा ह्रास आउने हुँदा किसानहरूलाई नयाँ बिउ बीजन प्रयोग गर्न सचेत गराउन आवश्यक छ । यसो गर्न नसकेमा उन्नत बिउ बीजनको प्रयोगबाट ठोस फाइदा प्राप्त गर्न सकिँदैन ।

वस्तुतः नेपालमा आजसम्म पनि कुन जग्गामा कस्ता बिउ बीजन प्रयोग गर्न उपयुक्त हुन्छ भन्ने कुराको अध्ययन, अनुसन्धान गर्न सकिएको छैन । त्यसैले भविष्यमा यस सम्बन्धमा अध्ययन, अनुसन्धान गरी यथोचित ठाउँमा यथोचित बिउ बीजन सिफारिस गरी किसानहरूलाई प्रयोग गर्न प्रोत्साहन गर्नुपरेको छ । यसो गर्न सकेमा भविष्यमा यहाँको कृषि उत्पादन वृद्धि भई देश खाद्यान्नका लागि आत्मनिर्भर हुने छ र यहाँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने छ ।

पर्याप्त सिँचाइबिना उन्नत बिउ बीजन प्रयोग गरे पनि अपेक्षाअनुसार फाइदा लिन सकिँदैन । तसर्थ, सिँचाइ सुविधा नपुगेका यहाँका जग्गा जमिनमा लघु सिँचाइ, स्यालो टयुब वेल, लिफ्ट सिँचाइ र थोपा सिँचाइ आवश्यकताअनुरूप उपलब्ध गराउन जरुरी छ । यसैगरी चन्द्र, गण्डक र जुद्ध जस्ता पुराना नहरको मर्मत सम्भार गरी संचालन गर्न नितान्त आवश्यक छ ।

नेपाली किसानहरूको आवश्यकताअनुसार सिँचाइ सुविधाहरू प्रदान गर्न ठूला सिँचाइ आयोजनाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन् । परन्तु, हालसम्म पनि यहाँ उक्त आयोजनाहरू सरकारले मात्र निर्माण गर्न सक्छ भन्ने गलत सोच छ । तसर्थ, यस्ता आयोजनाहरू आवश्यकताअनुरूप सम्पन्न गर्न सकिएको छैन ।

वास्तवमा यस्ता आयोजनाहरू आवश्यकताअनुसार यथाशीघ्र सम्पन्न गर्न निजी क्षेत्रको सक्रिय सहभागिताको आवश्यकता पर्छ । यसका लागि सरकारले उक्त क्षेत्रलाई आवश्यकताअनुसार सुविधा प्रदान गर्नु जरुरी छ । उन्नत बिउ बीजनहरू उपयुक्त किसिमबाट प्रयोग गरी अधिकतम प्रतिफल प्राप्त गर्न गाउँगाउँमा कृषि विकास कार्यालय खोली कृषकहरूको आवश्यकताअनुसार परामर्श दिन नितान्त आवश्यक छ । यसका लागि स्थानीय निकायहरूको भूमिका महत्त्वपूर्ण छ ।

भविष्यमा उन्नत बिउ बीजनको प्रयोग बढाउन सके कृषि उत्पादन वृद्धि भई उक्त व्यापार प्रवर्द्धनमा थप सघाउ हुने छ । यद्यपि, यी वस्तुहरू निर्यात गर्न सहज छैन । त्यसैले समय र लागतको विश्लेषण गरी क्वारेन्टाइन चेक पोस्टहरू सम्बन्धित भन्सार कार्यालयहरू नजिक निर्माण गर्न नितान्त आवश्यक छ । यसो गर्न सकेमा भविष्यमा कृषिजन्य वस्तुहरूको निर्यात व्यापार अभिवृद्धि गर्न सहज हुने छ र यहाँको अर्थतन्त्रमा पनि सकारात्मक प्रभाव पर्ने छ । पर्याप्त लगानीबिना नेपालको खेतीयोग्य जमिनमा उन्नत बिउ बीजन व्यापक रूपमा प्रयोग गर्न सम्भव छैन किनकि उन्नत बिउ बीजनको परीक्षण गरी किसानहरूलाई सुपथ मूल्यमा वितरण गर्नका लागि विपुल धनराशि खर्च गर्न जरुरी छ ।

तथापि, हालसम्म पनि यहाँ कृषि विकासका लागि छुट्याइएको रकम पर्याप्त नभएकाले भविष्यमा उक्त रकम कुल वार्षिक बजेटको न्यूनतम २९ प्रतिशत हुन नितान्त आवश्यक छ । यसका लागि सम्बन्धित पक्षको ध्यान यथाशीघ्र आकृष्ट हुनुपर्छ ।

## सामाजिक सञ्जाल



**हरि रोका**

गाउँ रित्तिँदै छन्, युवाविहीन गाउँका जमिन बाँझिँदै छन्, यस्तो बेला गाउँको शिक्षा, स्वास्थ्य सुधार, कृषिमा रूपान्तरण, उत्पादन बजारीकरण र एकीकृत बस्तीको विकास गरी बस्नयोग्य कसरी बनाउने ? नीति निर्माण, संस्थागत विकास र मुलुकमै केही गर्न सकिन्छ भनेर आशा जगाउने एजेन्डा खोइ केन्द्रीय बैठकमा ?

वास्तविक सहकारीपीडितले दिएको जाहेरीसमेत गृहमन्त्री हुँदा दर्ता गर्न दिएका थिएनन्, त्यही पीडितको जाहेरीको आधारमा प्रहरीले ठगलाई पक्रने र अदालतसम्म पुग्ने अवस्थामा पुऱ्याए, न्यायालयसम्म पुऱ्याउने अभिभारा पूरा गरेर पीडितलाई साथ अब वास्तविक न्याय दिने अदालतले हो ।



**निरञ्जन खनाल**



**चन्द्रकान्त अधिकारी**

धर्मान्धता, रूढिवाद र भाग्यवाद ! नेपालका कतिपय व्यक्तिहरू जसले आफूलाई जनता सामु राजनीतिज्ञ देखाएर सत्तामा पुगे, सत्ताको स्वाद चाखे अब उनीहरू धर्मान्धता, रूढिवाद र भाग्यवादतर्फ डोरिँदै गएको देख्दा उनीहरूले जनतालाई कतिसम्म ढाँटेछन् त भनेर सर्वसाधारण स्वयंले पनि समीक्षा गर्न थालेको पाइयो ।

दलको (गुटको) प्रतिनिधि बनेर राष्ट्रपति/उपराष्ट्रपति बनेकाहरू राजनीतिबाट अलग रहने अपेक्षा आफैंमा गलत हो । उहाँहरू पदमा रहँदा त राजनीतिक दाउपेचबाट अलग बस्न सक्नुभएन, अब कसरी हुने र ? खासमा यो गणतन्त्रसँगै गाँसिएको विकृति हो । बस्, अब सक्रिय पार्टी राजनीतिमा देखिँदा राज्यको सुविधा नलिऊन् ।



**शरदराज पाठक**

## इतिहासमा आज

८ जनवरी श्रीलंकाली सरकार र त्यहाँको विद्रोही समूह लिट्टेबीच थाइल्यान्डमा वार्ता सुरु ।



८ जनवरी इजरायलको जेरुसेलममा ट्रकबाट गरिएको आक्रमणमा कम्तीमा ४ सैनिकको मृत्यु, १५ जना घाइते भएका थिए ।



८ जनवरी १९४२ मा प्रसिद्ध बेलायती भौतिक विज्ञानका जानकार स्टेफेन हकिंगको जन्म भएको थियो ।



८ जनवरी २००९ मा कोस्टारिकाको उत्तरी क्षेत्रमा ६ दशमलव १ म्याग्निच्युडको भूकम्पका कारण १५ जनाको मृत्यु भएको थियो ।




# नेपालमा अलैंची खेतीको अवस्था र सम्भावना

विचार



● शंकरमान सिंह

नेपालमा करिब १५ हजार ४०० हेक्टर जमिनमा अलैंची खेती हुने गरेको छ, जसबाट वार्षिक करिब ५ हजार टन अलैंची उत्पादन हुने गरेको पाइन्छ । नेपालको विशेषगरी पूर्वी भेगमा अलैंचीको खेती हुने गरेको छ...

नेपालमा अलैंचीको भाउ सिजनमै प्रतिमन (४० किलो) १ लाख १० हजार रुपैयाँ नाघेको छ । भनिन्छ, यो भाउ १२ वर्षयताकै धेरै हो । उत्पादनमा क्रमिक ह्रास आएका कारण भाउ बढेको अलैंची विकास केन्द्रले जनाएको कुरा सार्वजनिक भएका छन् ।

गत आर्थिक वर्ष २०८०/०८१ को सिजनमा अलैंचीको भाउ प्रतिमन ४५ हजारबाट सुरु भएर बेमौसममा ९० हजार रुपैयाँसम्म पुगेको थियो ।

नेपालमा समयमा नै पर्याप्त पानी नपर्दा अलैंचीका बोट सुकेका छन् । उत्पादनमा कमी र मागमा वृद्धिका कारण अलैंचीको भाउ बढेपछि किसान लाभान्वित भएको स्थिति छ । सामान्यतः अलैंचीको भाउ गुणस्तरअनुसार प्रतिमन १० हजार रुपैयाँसम्म फरक पर्छ । गत वर्षको तथ्यांक हेर्दा, अलैंचीको भाउ गत वर्ष पनि बढेको थियो । यो मूल्यमा उच्च वृद्धि हुनुमा यो वर्ष बढी पानी पर्दा उत्पादन आधा घटेका कारण पनि मूल्य बढेको हो । वर्षा बढी हुनुका साथै रोगले पनि उत्पादन उल्लेखनीय रूपमा घटेको छ । सरकारी तथ्यांक हेर्दा, नेपालमा करिब १५ हजार ४०० हेक्टर जमिनमा अलैंची खेती हुने गरेको छ, जसबाट वार्षिक करिब ५ हजार टन अलैंची उत्पादन हुने गरेको पाइन्छ । नेपालको विशेषगरी पूर्वी भेगमा अलैंचीको खेती हुने गरेको छ ।

हाल ताप्लेजुङमा मात्र ४ हजार २५८ हेक्टर क्षेत्रफल बराबरमा अलैंची खेती गरिँदै आएको छ । उक्त खेतीबाट यस वर्ष मात्र २ हजार ९६० मेट्रिक टन अलैंची उत्पादन भएको छ । कृषि ज्ञान केन्द्र पाँचथरको तथ्यांकअनुसार यस वर्ष जिल्लामा गत वर्षभन्दा करिब १० देखि १५ प्रतिशतले अलैंची उत्पादन वृद्धि भएको हो ।

पाँचथरसँगै संखुवासभा, इलाम, धनकुटा र भोजपुर अलैंची उत्पादनका लागि प्रमुख जिल्लाहरू हुन् । अलैंची सिक्किममा अनादिकालदेखि नै खेती गर्दै आएको देखिन्छ । यो सिक्किमको मूल बाली हो र यहाँबाट यो छिमेकी मुलुक र क्षेत्रहरूमा फैलिँदै गयो । जस्तो कि दार्जिलिङ, उत्तर-पूर्वी भारत, भुटान र नेपालको भूमिमा समेत फैलिएको देखिन्छ ।

भारत अलैंचीको प्रमुख विश्व उत्पादक र निर्यातकर्ता देश हो । त्यसपछि ग्वाटेमाला, श्रीलंका र तान्जानिया पर्छन् । यद्यपि, पछिल्ला वर्षहरूमा नेपाल र पपुआन्युगिनीको अलैंची पनि विश्व बजारमा देखिन थालेको पाइन्छ । सामान्यतः नेपालको अलैंची सबै भारत जान्छ, जहाँबाट यो अन्य देशहरूमा पुनः निर्यात गरिन्छ ।

क्रमशः अन्य देशसँग पनि नेपाल जोडिँदै गएको कारण आगामी समय बंगलादेश, पाकिस्तान, कतार र साउदी अरेबिया पनि नेपाली अलैंची सिधा पुग्ने सम्भावना छ । विश्वमा केही देशहरू जस्तै : साउदी अरेबिया, कुवेत, बहराइन र मध्यपूर्वका अन्य खाडी देशहरू मुख्य आयातकर्ता देश हुन् ।

निष्कर्षमा, यस वर्ष निकासी मूल्यको हिसाबले अलैंची खेती उत्साहजनक रहे पनि परिणाम बढाउन र यसलाई दिगो बनाउन धेरै पहल गर्नुपर्ने कुरामा विवाद छैन ।

यस वर्ष सबैजसो कृषिजन्य उत्पादनको निकासी वृद्धि भएको तथ्यांक छ । निकासीका क्षेत्रमा राहत महसुस भए पनि बिनालगानी निकासी बढाउन नसकिने कुरा निर्विवाद छ ।

अलैंची उत्पादन बढाउन रोग किरा नियन्त्रण र सिँचाइमा ध्यान दिन सकिएको छैन । सँगै, निकासी बढाउन सरकार र निजी क्षेत्रबीच सहकार्य हुन सकिरहेको छैन ।

# खुम्बू क्षेत्रमा उडान गर्न अनुमति

**काठमाडौं/मस–** सगरमाथा राष्ट्रिय निकुञ्जले निकुञ्ज क्षेत्रमा सेवा उपलब्ध गराइरहेका निजी हेलिकप्टर कम्पनीलाई निकुञ्जको वन, वन्यजन्तु तथा जैविक विविधतामा कुनै किसिमको बाधा तथा असर नपुग्ने गरी उडान गर्न अनुमति दिएको छ।

पारिस्थितिकीय प्रणाली, वन, वन्यजन्तु, जैविक विविधता तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि निकुञ्ज स्थापना गरिएकाले उडान/अवतरण/होभरिङ गर्न/गराउनका लागि तोकिएको राजस्व बुझाइ प्रचलित कानुनअनुसार गर्न वरिष्ठ संरक्षण अधिकृत सुष्मा रानाले सोमबार जारी गरेको सूचनामा उल्लेख छ। निकुञ्जको जैविक विविधता तथा सांस्कृतिक सम्पदा विश्वका लागि अनुपम भएकाले संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) ले सन् १९७९ मा प्राकृतिक विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरेको छ।



विश्वभरबाट बर्सेनि हजारौं पर्यटक निकुञ्जको भ्रमणमा आउने गरेका छन्। जसका कारण आर्थिकरूपमा राष्ट्रिय तथा स्थानीय अर्थतन्त्र एवं रोजगारीमा टेवा पुगेको छ। निकुञ्जभित्र रहेका विश्वको सर्वोच्च शिखर सगरमाथालगायत हिमाल, तालतलैया तथा प्राकृतिक सुन्दरताको अवलोकन गर्न आउने पर्यटकलाई सो स्थानको दृश्यावलोकन गर्न, पर्यटक तथा स्थानीय बिरामीको उद्धार गर्न विकास निर्माणका सामग्री, खाद्यसामग्री तथा अन्य सामग्री ढुवानी गर्नेलगायतका कामका लागि निकुञ्ज क्षेत्रमा सेवा दिइरहेका निजी कम्पनीका हेलिकप्टरलाई अनुमति लिएर कानुनअनुसार उडान/अवतरण/होभरिङ गर्न/गराउन अनुमति दिइएको छ।

# आलितालमा पहिलो पटक जलपक्षी गणना

**कन्चनपुर/मस–** डडेल्धुराको आलिताल गाउँपालिका-३ स्थित आलितालमा पहिलो पटक जलपक्षी गणना गरिएको छ।

नेपाल पक्षी संरक्षण संघ (विसिएन)का चराविज्ञ हिरुलाल डगौरासहितको गणकहरुले डिभिजन वन कार्यालय डडेल्धुराको समन्वयमा ताल क्षेत्रमा जलपक्षी गणना गरेका हुन्।



ताल क्षेत्रमा ४८ प्रजातिका जलपक्षी देखा परेको चराविज्ञ डगौराले बताए। उनका अनुसार तालमा मुख्यगरी ठूलो जलेवा, सानो जलेवा, डुबुल्की हाँस, खडखडे हाँस, विश्वमै दुर्लभ मालक हाँसलगायत चराहरु देखिएका छन्। ताल आसपासमा चराहरुको अध्ययन बाँकी रहेको उनले बताए।

'पहिलोपटक ताल क्षेत्रमा जलपक्षी गणना गरेका छौं,' डगौराले भने, 'रैथाने र आगन्तुक जलपक्षीबारे अध्ययन सुरु गरेका छौं।' ताल क्षेत्रमा एक वर्षसम्म अध्ययन र अवलोकनपश्चात् ताल क्षेत्रमा कुन प्रजातिका कति चराहरु रहेको भन्नेबारे जानकारी हुने उनले उल्लेख गरे। हाल ताल क्षेत्र र वरिपरिका चराको मात्रै अभिलेख राखिएको उनको भनाइ छ।

आलिताल समुद्री सतहबाट आठ सय मिटर उचाइमा छ। यस तालको लम्बाइ एक हजार एक सय ७५ मिटर र चौडाइ करिब चार सय मिटर रहेको छ। यहाँ चरा संरक्षण गर्न गाउँपालिकाले एकजना हेरालुको व्यवस्था गरेको छ। चरा अवलोकन गर्न र तालको सौन्दर्य अवलोकन गर्न पर्यटक यहाँ आउने गरेका छन्।

नेपाल पक्षी संरक्षण संघ (विसिएन) का गणकहरुले कैलालीको धनगढी उपमहानगरपालिका-७ स्थित जाखोर तालसँगै महादेवा तालमा पनि जलपक्षी गणना गरेका छन्। तालमा कैले टाउके हाँस, मालक हाँस, सिजुरी, सुनगजुरेलगायत चराका बथान देखिएको उनको भनाइ छ।

घोडाघोडी नकरोडताल, रखौना, सोनियाँ रुपियाँ, घोरताल, पुरैना, जम्नेहटा, चम्रहिया, कोइलही ताल र कर्णाली जलाधार क्षेत्रमा जलपक्षी गणना गरिने बताइएको छ। अन्य ताल तलैया र नदीमा जलपक्षी गणना भइरहेको छ। कञ्चनपुरको पुरैनी तालमा ५५ प्रजातिका जलपक्षी भेटिएका छन्। उत्तरी ध्रुव रुस, चीन, मंगोलियालगायत अत्यधिक चिसो हुने क्षेत्रहरुबाट हजारौंको संख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा यहाँका विभिन्न तालतलैया, नदी र वनजंगल क्षेत्रमा आउने गर्दछन्।

# जलपक्षीको प्रजाति र संख्यामा कमी



**नवलपुर/मस–** यस वर्ष चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी र राप्ती नदी आसपासका सिमसार क्षेत्रमा जलपक्षीको प्रजाति र संख्यामा कमी आएको छ।

सोमबारदेखि सुरु भएको जलपक्षी गणना अन्तर्गत चरा गणनामा संलग्न निकुञ्जका मध्यक्षेत्र संयोजक एवं चराविज्ञ मनेष लिम्बूले विगतमाझैं चराको प्रजाति र संख्या नभेटिएको बताए। 'अघिल्लो वर्ष जलपक्षी गणनामा ४७ प्रजातिका चरा भेटिएका थिए', उनले भने,'यस वर्ष २८ प्रजातिको मात्र चरा भेटिए।' साना चराको संख्यासमेत थोरै भेटिएको उनको भनाइ छ।

विगतमा गणना गरिएको जुरे हुटिट्याउँ, चित्र दंगालगायत जलपक्षी यसपटक नभेटिएको उनले जानकारी दिए।

'चखेवा र खोया हाँसको संख्या भने विगतमाझैं भेटिएको छ' उनले भने। नदीमा बढेको प्रदूषणका कारण यस क्षेत्रमा जलपक्षी न्यून आएको हुनसक्ने उनले बताए।

गणनाको केही दिन अगाडि निकुञ्ज क्षेत्रमा पहिलोपटक 'कालो टाउके लेक चरी' भेटिएको थियो।

हाल उत्तरी ध्रुव, रुस, चीन, मंगोलियालगायत अत्यधिक चिसो क्षेत्रबाट जाडो छल्न र खानेकुराको खोजीमा विभिन्न ताल, तलैया, नदी र जंगलमा चरा आउने उनले बताए।

निकुञ्जको पश्चिमी क्षेत्र र नवलपुरका तालतलैयामा भने पुस २७ गतेमात्र जलपक्षी गणना गर्ने तयारी गरिएको संयोजक डिबी चौधरीले बताए। विभिन्न संघसंस्थासँगको सहकार्यमा देशभरका ताल, तलैया, नदी र सिमसारमा पाइने जलपक्षीको संख्या, प्रजाति र बासस्थानको अवस्थाबारे जानकारी लिन यस वर्षको गणना यही पुस २० गतेबाट माघ ६ गतेसम्म सञ्चालन हुने चौधरीले बताए।

यस क्षेत्रमा पाँच समूह बनाएर दुई दिनसम्म चरा गणना गर्ने योजना बनाइएको छ। जलपक्षी गणनाका क्रममा पानीमा आश्रित तथा पानी वरिपर बस्ने परम्परागत र बसाइँसराइ गर्ने चराहरूको तथ्यांक संकलन गरिने जनाइएको छ। चराको प्रारम्भिक तथ्यांक गणना सकिएलगत्तै गरिने भए पनि विस्तृत प्रतिवेदन आगामी वैशाख १ देखि ७ गतेसम्म मनाइने वन्यजन्तु सप्ताहका अवसरमा सार्वजनिक गरिने संयोजक चौधरीले बताए।

# चिसो बढेपछि विद्यालय बन्द




**वीरगंज/मस–** चिसो बढ्दै गएपछि वीरगन्ज महानगरपालिकाले विद्यालयहरूमा जाडो बिदा दिएको छ। शीतलहरसँगै बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै महानगरपालिकाले विद्यालयहरूमा बुधवारदेखि ३ दिनका लागि जाडो बिदा दिएको हो।

महानगरपालिकाका शिक्षा अधिकृत हरि राउतले मंगलबार जारी गरेको सूचनामा वर्षे बिदामा कट्टा हुने गरी २४ पुस बुधबारदेखि २६ पुस शुक्रबारसम्म वीरगन्ज महानगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा जाडो बिदा दिइएको उल्लेख छ।

तराईका जिल्लामा एक साता यता चिसो बढ्दै गएका कारण जनजीवन प्रभावित भएको छ। हुस्सु लाग्नुका साथै शीतलहर पनि चल्न थालेपछि खासगरी वृद्धवृद्धा, बालबालिका र दैनिक ज्याला मजदुरीमा काम गर्नेहरूलाई बढी सास्ती भएको छ। महानगरपालिकासहित १२ वटा पालिकाहरूले विद्यालयहरूमा जाडो बिदा दिएका छन्। जिराभवानी र ठोरी गाउँपालिकाले भने अहिलेसम्म जाडो बिदा दिएका छैनन्।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा मधेश प्रदेश बारा जिल्ला जितपुरसिमरा उप-महानगरपालिका वडा नं. ११ स्थित CNG र LNG Refilling गर्ने उद्देश्यले रहेको योग्य होल्डिङ्स प्रा.लि. नामको उद्योगको स्थापना तथा सञ्चालनको लागि तयार गरीने प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन उपर मिति २०८१/०९/२९ गते सोमबार तपसिलमा उल्लेखित स्थान र समयमा बिभिन्न संघ संस्थाका प्रतिनिधी लगायत सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**आयोजक**
**योग्य होल्डिङ्स प्रा. लि.**
**स्थान : जितपुर- सिमरा उप-महानगरपालिका वडा ११ अमादार**
**समय : बिहान ११:३० बजे**
**फोन नम्बर : ९८५११५०२०७**



## प्रदेश सभा सचिवालय
लुम्बिनी प्रदेश
राप्ती उपत्यका, (देउखुरी), नेपाल

## विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/०९/२४

यस सचिवालयको मिति २०८१/०८/१२ मा मध्यान्ह दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना नं SOPA/WORKS/NCB/२०८१/८२-०१ बाट बिद्युतीय बोलपत्रको माध्यमबाट पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा तपशिल बमोजिमको विद्युतीय बोलपत्र सार्वजनिक न्यूनतम सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनार्थ जानकारी गराइन्छ साथै सोही ऐनको दफा ४७ को उपदफा (१) प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि. नं | सूचना नं | खरिद कार्यको विवरण | छनौट भएको दरभाउपत्र प्रस्तावदाताको विवरण | कवोल रकम भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | SOPA / WORKS / NCB / २०८१/८२-०१ | सभा भवनका फलामे खम्बा च्यापिङ तथा विविध मर्मत कार्य | चन्द बिल्डर्स प्रा. लि. दाङ। | ३१३८३४२।०० |

बोधार्थ
१ देउखुरी कन्स्ट्रक्सन प्रा. लि. काठमाडौं।
२ कक्षपित बिल्डर्स प्रा. लि. भक्तपुर।



## ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल

## ठेक्का स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०९/२४

मिति २०८१/०५/२३ गते यस कार्यालय प्रकाशित बोलपत्र (Singal Stage Double Envelope) आह्वानको सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको बोलपत्र मूल्याङ्कन भई तपसिल बमोजिमको बोलपत्र प्राविधिक र आर्थिक प्रस्तावमा न्यूनतम मूल्याङ्कनको आधारमा सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क. स. | ठेक्का नं. | कामको विवरण | सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) रु. मा |
|---|---|---|---|---|
| 1 | 02/Kakani/ Road/081-082 | Upgrading Of Kulay Sano chitre Manekhaka Gairikharka Kalika Ma.Bi. Dhading Jiwanpur Rural Road Ward No 03 | RaktaKanya -Krishna Laxmi-New Kakani JV Kathmandu | 19400306.21 |

प्रमुख प्रशासकीय अधिकृत



## Cyprus मा रोजगार | 1. Global Tree Recruitment Ltd, Paphos, Cyprus

पूर्व स्वीकृती मिति २०८१।०९।१९ चलानी नं. ६०२३०७९१ LT.No. 316346

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 02 | - | स.काममा दक्ष | 800 | ११४,२९५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Porter | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 3 | Cashier | 02 | 02 | | 800 | ११४,२९५।- | | | | | | | |
| 4 | Electrician | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 5 | Plumber | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 6 | Welder | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 7 | Ductman | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 8 | Aluminium Fabricator | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |
| 9 | CNC Machine Operator | 02 | - | | 800 | ११४,२९५।- | | | | | | | |

2. Global Tree Recruitment Ltd, Paphos, Cyprus — पूर्व स्वीकृती मिति २०८१।०९।१९, चलानी नं. ६०२३०९९६, LT.No. 316313

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 07 | 13 | स.काममा दक्ष | 750 | १०७,१५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

3. E.G. Estia Cyprus Private Employment Agency & Immigration Services, Paphos,Cyprus
१. पूर्व स्वीकृती मिति २०८१।०९।१९ चलानी नं. ६०२३०९९४ LT.No. 316345

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | 20 | - | स.काममा दक्ष | 700 | १००,१००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

4. E.G. Estia Cyprus Private Employment Agency & Immigration Services, Paphos,Cyprus
२. पूर्व स्वीकृती मिति २०८१।०९।१९ चलानी नं. ६०२३०९९५ LT.No. 316390

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Employee | - | 20 | स.काममा दक्ष | 700 | १००,१००।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ८५,०००/- |

अन्तर्वार्ता २०८१ माघ २ गते (15 January, 2025) मेनपावर कार्यालय रातोपुल गौशालामा हुनेछ।

Shalma H. R. Overseas Pvt. Ltd.
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com
Gov. Lic. No. 1111/073/74



## साउदीमा रोजगार

कम्पनी: Solution Industries Company Limited — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२२ चलानी नं.: ६०२३१०२४ L.T. No.: 316576

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver / Heavy Driver | 2 | 0 | स. काममा दक्ष | 1500 | ५४,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ZUAIM AL-KHUBARA CONT.CO — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२२ चलानी नं.: ६०२३१०२५ L.T. No.: 316577

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 5 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Solution Industries Company Limited — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०९/२२ चलानी नं.: ६०२३१०२३ L.T. No.: 316575

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Zia International Services Pvt. Ltd. Gov. Lic. No. 633/063/064
Sinamangal-9 Gaushala, Brajeshwori Marg Near to Pashupati Vision, Kathmandu, Nepal
Tel.: 01-4575555, 01-4575655, Email: ziaintls@gmail.com | www.ziaintlservices.com
Kathmandu : 9851010294 | 9811031025 | 9814755830 | 9841293809 | 9869500567 | 9807701904



## Kuwait मा रोजगार — City Hypermarket

पुर्व स्वीकृति मिति: २०८१/०९/२३ चलानी नं.: ६०२३१०१४ LT No. 316807

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook | 5 | 0 | काममा दक्ष | 150 | ६६,७००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Sales-Man | 50 | 0 | | 135 | ६०,०००।- | | | | | | | |

अन्तरवार्ता २०८१ माघ २ गते (15 Jan., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७



## Saudi मा रोजगार — Jouna Factory Co. For Bread & Sweets

पूर्व स्वीकृती मिति: २०८१/०९/२३ चलानी नं. ६०२३१०१५ LT# 316803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | SMALL TRUCK DRIVER | 1 | काममा दक्ष | 1500 | ५४,७००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Al Rida Hospitality Resturent And Kitchen — पूर्व स्वीकृती मिति: २०८१/०९/२३ चलानी नं. ६०२३१०१६ LT# 316804

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | KITCHEN WORKER | 1 | काममा दक्ष | 1000 | ३६,४००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ माघ २ गते (15 Jan., 2025) यस प्रा. लि. को कार्यालय लाजिम्पाट काठमाडौंमा हुनेछ।

कस्मस नेपाल ह्युम्यान रिसोर्स प्रा. लि. श्रम ईजाजत नं.: ७३३/०६४/०६५
लाजिम्पाट-२, काठमाडौं, नेपाल, फोन नं. : 01-4445794, 4445793, 9802099983, 9802099984
9801199984, 9865728265, 9803269111 Email: info@cosmosnepalhr.com



## Saudi मा रोजगार — ORASCOM BUILDING & CONSTRUCTION

पूर्व स्वीकृती मिति: २०८१/०९/२३ चलानी नं. ६०२३१००२ LT No.: 316703

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 2 | काममा दक्ष | 1000 | ३६,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ माघ २ गते (15 Jan., 2025) यस प्रा. लि. को कार्यालय सुकेधारा, काठमाडौंमा हुनेछ।

रियल रिसोर्स म्यानेजमेन्ट प्रा. लि. श्रम ईजाजत नं.: ६२८/०६३/६४
सुकेधारा हाईट, काठमाडौं, नेपाल, फोन : ४४३३१८१, ४४३५०२२

# सहकारीपीडितहरूले सरकारलाई पठाए १६ बुँदे चेतावनीपत्र



**काठमाडौं/मस**–सहकारी पीडितले ओली सरकारले ल्याएको सहकारी अध्यादेश पीडितको समस्या समाधान भन्दा पनि सहकारी ठग बचाउने खेल भएको आरोप लागाएका छन् । पीडितहरुले मंगलबार राजधानीमा कार्यक्रमको आयोजना गरी समस्या समाधानका लागि १६ बुंदे चेतावनी पत्रसमेत सार्वजनिक गरेका छन् ।

कार्यक्रममा सहकारी बचतकर्ता संरक्षण राष्ट्रिय अभियान(महासंघ)का अध्यक्ष कुशलभ केसीले देशभरी सहकारी बचतकर्ताहरु तनाबमा भएको बेला अध्यादेश पीडितमैत्री भन्दा पनि ठग बचाउने योजनामा ल्याइएको बताए ।

केसीले पीडितहरु घरबार विहीनको अवस्थामा पुगेको बेला सरकारले ल्याएको अध्यादेश 'आगोमा घ्यू' जस्तै भएको बताए । उनले भने, 'हामीले ओली सरकारले आफूलाई सच्याएर अघि बढ्ला भनेको त झन् पीडितको उठिवास लगाउने कार्य भयो । हामीले १६ बुंदे सुझाव पत्रसहित सरकालाई यो चेतावनी दिन्छौं कि समस्या समाधान होस् अन्यथा जे पनि हुनसक्छ ।'

वरिष्ठ अधिवक्ता ध्रुवलाल श्रेष्ठले सहकारी अध्यादेश पीडितलाई न्याय दिन भन्दा पनि कांग्रेस-एमालेका सहकारी ठग बचाउन ल्याइएको आरोप लगाएका छन् । अर्का वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले कांग्रेस-एमाले सरकार रहुन्जेल सहकारीको पैसा पीडितले नपाउने जिकिर गरे । न्यौपानेले पीडामा रहेका पीडितको बचत तत्काल फिर्ता गर्ने प्रावधान अध्यादेशमा उल्लेख नभएकाले पीडितले न्याय पाउने सम्भवना नरेहेको दाबी गरे । अधिवक्ता हरि कट्टेलले देशभरीका सहकारी पीडितको बचत रकम फिर्ता गर्ने सरकारले पहल नगरे जनता थप आक्रोषित बन्ने भएकाले त्यसतर्फ सरकार लाग्नुपर्ने धारणा राखे ।

आयोजक महासंघले देशभरी बचत तथा ऋण सहकारी १५ हजार र कृषि सहकारी २१ हजार गरेर जम्मा ३६ हजार सहकारीलाई सरकारले अनुमती दिएकोमा अहिले बचत तथा ऋण सहकारी अधिकांश संकटमा रहेको जानकारी दिएको छ ।

अहिलेको अध्यादेश पीडितको पीडामा मल्हम लगाउने भन्दा थप घाउ बल्जाउने भएको आरोप लगाउँदै सहकारी पीडितको आर्थिक सुरक्षाको स्वामित्व सरकारले लिनु पर्ने, ठग सञ्चालकहरु, कर्मचारीहरु तिनका परिवारजनहरु आफन्तहरु र विभिन्न स्थानमा लगानी गरेको चलअचल सम्पत्ति सरकारले आफ्नो कब्जामा लीइ, अधिकरण/जफत गरी, तुरुन्तै (आज भोलि नै) समाधान दिन पर्ने सरकारले बजेटमार्फत ५ लाखसम्मको बचत रकम फिर्ता दिने घोषणा यथार्थमा धोती लगाएकोलगायत विभिन्न १६ बुंदे मागपत्र जारी गरी सो पूरा नभए कडा आन्दोलनमा जाने पीडितले चेतावनी दिएका छन् ।

# भन्सार छलीका ७५ बोरा चामल बरामद



**वीरगंज/मस**-प्रहरीले वीरगन्जमा ७५ बोरा भारतीय चामल बरामद गरेको छ । विशेष सूचनाको आधारमा मंगलबार वीरगंज-६ मीनाबजार स्थित आलुको गोदाममा अवैधरूपमा भण्डारण गरि राखिएको आलु गोदाममा छापा मारेर ७५ बोरा चामल बरामद भएको प्रहरीले जनाएको छ ।


मिना बजारस्थित आलु गोदाममा अवैध रूपमा भण्डारण गरिएको अवस्थामा विभिन्न ब्राण्डका ७५ बोरा भारतीय चामल बरामद गरिएको वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईको जानकारी दिए । बरामद चामलको बजार मूल्य २ लाख रुपैयाँ भन्दा बढी छ । बरामद चामल वीरगन्ज भन्सार कार्यालयमा बुझाइएको उनले जानकारी दिए ।

यसका साथै वीरगन्जका विभिन्न स्थानमा भारतबाट तस्करी गरि ल्याइएका कपडा, स्पेयर पार्ट्स, ड्राइफुड्स, जुत्ता गरी २५ लाख मूल्यको अरु सामान पनि प्रहरीले बरामद गरेको छ ।

# पत्रकार श्रेष्ठलाई धम्की दिएको आरोपमा व्यवसायी कलवार पक्राउ

**मध्यान्ह संवाददाता**
रौतहट, २३ पुस

रौतहट प्रहरीले पत्रकार प्रकाश श्रेष्ठलाई धम्की दिएको आरोपमा एक व्यवसायीलाई पक्राउ गरेको छ । फोनमार्फत पत्रकार श्रेष्ठलाई गालीगलौजगरीकुटपिट गर्ने धम्की दिएको आरोपमा कटहरिया नगरपालिका- ५ का स्थानीय रामचन्द्र साह कलवारलाई पक्राउ गरेको हो ।



रेडियोमा समाचार प्रशारण गरेको विषयलाई लिएर साहले नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमितिका सदस्यसमेत रहेका कटहरिया म्युजिकल एफएमका प्रबन्ध निर्देशक श्रेष्ठलाई फोनमार्फत अपशब्द प्रयोग गर्दै धम्की दिएको आरोप लागेको छ ।

जहरीमाई कृषि सहकारी संस्थाका संचालकसमेत रहेका कलवारले कालोबजारी गर्दै आएको समाचार रेडियोमा प्रसारण भएको थियो । ३ वटा सहकारीका संचालकसमेत रहेका कलवारले अनुदानमा आएको रासायनिक मल लक्षित वर्गलाई नदिई बढी रकम लिएर कालोबजारी गर्दै आएको आरोप लागेको छ ।

धम्की दिएको विषयमा पत्रकार महासंघ रौतहटले समेत विज्ञप्ति जारी गर्दै कारबाहीको माग गरेको थियो । पक्राउ परेका व्यवसायी अहिले इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेका र घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी राजन कार्कीले जानकारी दिए ।

# अनलाइन जुवा खेलाएको र 'कल बाइपास'को आरोपमा ५३ जना पक्राउ

**ललितपुर/मस**-नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो(सिआइबी)ले ललितपुरको सातदोबाटोबाट अनलाइन जुवा खेलाएको र 'कल बाइपास' गरेको आरोपमा ५३ जनालाई पक्राउ गरेको छ ।

पक्राउ गर्नेमा २९ महिलासहित ५१ नेपाली र दुई भारतीय रहेका सिआइबी प्रवक्ता होविन्द्र बोगटीले जानकारी दिनुभयो । उनीहरूलाई आइतबार राति ललितपुर महानगरपालिका वडा नं १५ सातदोबाटोस्थित सुरेन्द्र गोपाल श्रेष्ठको पाँच तले पक्की घरको चौथो तल्लाबाट नियन्त्रणमा लिइएको हो । 'हामीले सोमबार राति ८५ थान ल्यापटप र ९६ थान मोबाइलसहित उनीहरूलाई नियन्त्रणमा लिएका छौं, हाल अनुसन्धान भइरहेको छ', बोगटीले भने ।

पक्राउ परेका दुई भारतीयमा विहार राज्यको मोतिहारीका मनिषकुमार झा र भारतको गुजरातका राहुल मेगोडा रहेका छन् । झा समूहका मुख्य व्यक्ति हुन् भने मेगोडा तालिम व्यवस्थापक रहेको जानकारी गराइएको छ ।




यस्तै, ललितपुर निवासी १८ वर्षीया स्वीकृति बस्नेत, १९ वर्षीया रिदिमा खड्की, १९ वर्षीया लिजा माली, स्थायी ठेगाना कैलाली भई ललितपुर बस्ने १९ वर्षीया रितिका शाही, ३१ वर्षीया रुवि सिंह, २६ वर्षीया लक्ष्मी सिंह, २३ वर्षका दीपक विश्वकर्मा, २३ वर्षका कविर सिंह, २४ वर्षका रमेश तिरुवा, १९ वर्षका विकास सिंह र २३ वर्षका बसन्त बुढा, बाँके घरभइ ललितपुर बस्ने २२ वर्षीया अजुना मल्ल, सर्लाहीकी २१ वर्षीया सलिनी सिंह, १९ वर्षीया रक्षा घिमिरे, २७ वर्षका राजकुमार पण्डित र २१ वर्षका पृथ्वीराज रञ्जन, मोरङकी २७ वर्षीया बिस कर्मा, रामेछापकी १८ वर्षीया निशा तामाङ र २१ वर्षीया अञ्जु लामा महोत्तरीकी १९ वर्षीया निशा सहनी, बाराकी २१ वर्षीया अर्चना चौधरी र २० वर्षीया स्वस्तिका कार्की रहेकी छन् । यस्तै सिन्धुपाल्चोककी २१ सजिना राई र २२ वर्षीया सुस्मिता नेपाली, झापाकी १९ वर्षीया विश्वा पौडेल, बैतडीकी १९ वर्षीया एलिजा चन्द र १९ वर्षका सुसिल विष्ट, सप्तरीका २३ वर्षका कोमल मण्डल र २५ वर्षीया नन्दनी देव, कञ्चनपुरकी १८ वर्षीया ऐश्वर्या जोशी, काठमाडौंकी २५ वर्षीया समृता तण्डुकार, गोरखाकी ३१ वर्षीया ज्योति थापा, ओखलढुंगाकी २७ वर्षीया मोनी दाहाल, सिराहाका २२ वर्षका दीप सिंह र २३ वर्षका चन्द्रभूषण यादवलाई पक्राउ गरिएको छ । यस्तै धनुषाका १९ वर्षका मनिस झा, कञ्चनपुरका २६ वर्षका कपिल चन्द, २५ वर्षका नविन ताम्राकार, अछामका २२ वर्षका हिमान साह, दार्चुलाका २४ वर्षका रोशन लोहारा, रौतहटका २१ वर्षका विरवल पटेल र रोशन बस्नेतलाई पक्राउ गरिएको छ ।

यसैबीच सिआइबीले पक्राउ गरेका ५३ मध्ये सात जनामाथि सट्टेबाजी गर्न नहुने कसुरमा म्याद थप गरी अनुसन्धान थालेको छ ।

काठमाडौं जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी मुख्य अभियुक्त सात जनामाथि मुद्दा चलाइएको र अन्यको विषयमा संलग्नताबारे छानबिन भइरहेको सिआइबीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले जानकारी दिए ।

मुद्दा चलाइएकामा भारतीय नागरिक झा र मेगोडा, नेपालीहरूमध्ये ओखलढुंगाका मोनी दाहाल, सिन्धुपाल्चोककी सुस्मिता नेपाली, झापाका रोशन बस्नेत, काठमाडौंका आदित्यकुमार सिंह र काभ्रेका सलिन श्रेष्ठ रहेका छन् ।

## उर्लाबारी नगरपालिका
## Urlabari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

उर्लाबारी, मोरङ, कोशी प्रदेश, नेपाल
Urlabari, Morang, Koshi Province, Nepal

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८१/०९/२४)**

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयावधी भित्र दर्ता हुन अएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेख भएका बोलपत्रहरुको न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरु को जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कवोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-haatbazar-Ward 3 -W-NCB-05-081/82 | Construction of Krishi haat bazar of Chandane & Manglabare bazar, Urlabari-3 | श्री मिक्लाजुङ्ग बिल्डर्स प्रा.लि., मिक्लाजुङ्ग-०९ । | २९,०५,५३३।९७ |
| URL-school-W-NCB-07-081/82 | Package I, Replacement of CGI sheet of different school of Urlabari Municipality | श्री एस. एण्ड. एस निर्माण सेवा, दुहवी, सुनसरी । | ४०,२३,१९९।३४ |

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८१/०९/२४ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : बागबजार, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति २०५८/१२/२१ मा दर्ता नं. १८३४०/०५८/०५९ कायम भई दर्ता भएको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ९ स्थित **ग्रेटर भिजन ओभरसिज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. अतम्बर राईको नाति, पदम बहादुर राईको छोरा, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राजु राई (ना.प्र.प.नं. १९२९/२१९६, मोरङ)**
२. पदम बहादुर राईको बुहारी, राजु राईको पत्नी, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रमा राई (ना.प्र.प.नं. ८७७/७९५, मोरङ)**
३. बुद्धि मान राईको नाति, दिल्ली शेर राईको छोरा, खोटाङ जिल्ला, खिदिमा गा.वि.स/न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **सुवास राई (ना.प्र.प.नं. १२-०१-७१-०२०६६, खोटाङ)**

**२. ऋणीको विवरण**

अतम्बर राईको नाति, पदम बहादुर राईको छोरा, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राजु राई (ना.प्र.प.नं. १९२९/२१९६, मोरङ)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. पदम बहादुर राईको बुहारी, राजु राईको पत्नी, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **रमा राई (ना.प्र.प.नं. ८७७/७९५, मोरङ)**
२. अतम्बर राईको बुहारी, पदम बहादुर राईको पत्नी, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **राम हिरा देवी राई (ना.प्र.प.नं. २६६९/१५३७, मोरङ)**

**शाखा कार्यालय : सामाखुशी काठमाण्डौ**

**ऋणीको विवरण**

भिम बहादुर गोतामेको नाति, हिरा बहादुर गोतामेको छोरा, नुवाकोट जिल्ला, थान्सिङ गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **चन्द्र वहादुर गोतामे (ना.प्र.प.नं.: ४३५५/१७३५, नुवाकोट)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. हिरा बहादुर गोतामेको बुहारी, चन्द्र बहादुर गोतामेको पत्नी, नुवाकोट जिल्ला, थानसिं गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **चेत कुमारी गोतामे (ना.प्र.प.नं. ७७५, नुवाकोट)**
२. हिरा बहादुर गोतामेको नाति, चन्द्र बहादुर गोतामेको छोरा, नुवाकोट जिल्ला, थान्सिङ गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **दिलिप गौतम (ना.प्र.प.नं.: १०१३०१, नुवाकोट)**
३. हिरा बहादुर गोतामेको नाति, चन्द्र बहादुर गौतम (गोतामे) को छोरा, नुवाकोट जिल्ला, थानसिङ गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **हित बहादुर गौतम (ना.प्र.प.नं.: ६१४६१, नुवाकोट)**

**शाखा कार्यालय : लमही, दाङ**

**ऋणीको विवरण**

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय दाङमा प्राईभेट फर्म दर्ता नियमावली, २०७६ बमोजिम मिति : २०७८/०५/३१ मा दर्ता नं. १५८७७-१०-२०७८/७९ कायम भई दर्ता भएको दाङ जिल्ला, लमही नगरपालिका वडा नं. ६, स्थित **जमुना फेन्सी स्टोर** **प्रोप्राईटरः जमुना परियार**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. भुले दमाईको नाति, रबे दमाईको छोरा, प्युठान जिल्ला, विजुली गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **हुमे दमाई (ना.प्र.प.नं. २६६१/०४६, प्युठान)**
२. हुमे दमाईको बुहारी, जिवन परीयारको पत्नी, प्युठान जिल्ला, ऐरावती गा.पा./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **जमुना परीयार (ना.प्र.प.नं. ४०-०१-७२-००५१६, प्युठान)**
३. रवे दमाईको बुहारी, हुम बहादुर दमैको पत्नी, प्युठान जिल्ला, विजुली गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **कृष्णी दमेनि (ना.प्र.प.नं. ५२४, प्युठान)**
४. रवे दमाईको नाति, हुमे दमाईको छोरा, प्युठान जिल्ला, विजुली गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **जिवन परीयार (ना.प्र.प.नं. ५३-०१-७०-०३८३५, प्युठान)**

# ७०० वर्ष पुरानो इँटा भेटियो

रौतहट/मस–गौर नगरपालिका-२ मा रहेको पुरानो बानेश्वरनाथ महादेव मन्दिरको परिसरमा करिब सात सय वर्ष पुरानो संरचना भेटिएको छ ।

पुरातत्व विभाग र गौर नगरपालिकाको समन्वयमा भइरहेको उत्खनन तथा अध्ययनको क्रममा चालिस इन्च चौडाइ गारो भएको घरको संरचना फेला परेको छ ।

पुरातत्व विभागका पुरातत्वविद् देवेन्द्रनाथ तिवारीको नेतृत्वमा गत दुई हप्तादेखि भइरहेको अध्ययन, अनुसन्धान तथा उत्खननको क्रममा शताब्दियौं पुरानो संरचना फेला परेको हो । तिवारीले उत्खनन्को क्रममा नेपालमै पहिलो पटक इँटामा मानिसको हातको औंलाको छाप भएको इँटा भेटिएको बताए ।

तिवारीले भने, 'नेपालकै लागि यो एउटा उपलब्धि हो । अहिलेसम्म नेपालमा आफूले कुनै पनि संरचनामा यस्तो छाप देखेका छैनौं ।'



गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले विगत दुई वर्षदेखि पुरातात्विक विभागमा उत्खनन्का लागि औपचारिक प्रयास गरेका थिए । नगरपालिकाकै लगानीमा पुरातत्व विभागले अध्ययन तथा उत्खनन गरिरहेको छ । उत्खनन गर्दा सिमरौनगढकै राजाको समयका इँटाहरू भेटिएको छ । स्थानीयले यक्त इँटा राजा सेवई सिंहको पालामा बनेको महादेव मन्दिर रहेको बताउने गरेका छन् । मन्दिरको ऐतिहासिकताको विषयमा ठोस कुरा जान्नुपर्ने माग उठेपछि नगर परिषद्बाट पास गराएर नगर प्रमुख साहले औपचारिक अनुसन्धान सुरु गराएका हुन् ।

पुरातात्वविद् तिवारीले उत्खननका क्रममा महत्वपूर्ण उपलब्धिहरू प्राप्त भएको बताए । चार फिट तल उत्खनन् गर्दा गारो फेला परेको छ । त्यसमा प्रयोग भएको इँटा २८ सेन्टिमिटर लम्बाई, २० सेन्टिमिटर चौडाइ र ६ सेन्टिमिटर बाक्लो रहेको जानकारी दिँदै यो इँटा सिम्रौनगढको तत्कालीन साम्राज्यका समयका झण्डै सात सय वर्ष पुरानो इँटा रहेको उनले स्पष्ट पारे ।

मन्दिरको पछाडि विश्वकर्मा मन्दिरको दक्षिण तर्फ उत्खनन् गर्दा पाँच दिनसम्म खास केही नभेटिएको तर त्यसपछि महत्वपूर्ण अवशेषहरू भेटाउन थालेको उनले बताए । बाटो छेउमा खन्दा माटोका पुतलाहरू प्रशस्त पाइएको र मन्दिरको पूर्वतर्फ अगाडी पट्टी चार फिट खन्दा सात सय वर्ष पुरानो इँटाले बनाइएको गारो भेटिएको तिवारीले बताए ।

# स्वास्थ्य चौकी भवनका लागि करोडौंको जग्गा दान

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २३ पुस



रौतहटको फतुवा विजयपुर नगरपालिका -५ सन्तपुर दोस्तिया निवासी समाजसेवी मो.शेराजले स्थानीय स्वास्थ्य चौकी र बर्थिङ्ग सेन्टरको भवनका लागि चार कट्ठा जग्गादान गरेका छन् ।

स्थानीयवासीका अनुसार सो जग्गाको मूल्य करिब एक करोड रहेको छ । जग्गा धनी मो. शेराजले फतुवा विजयपुर नगरपालिकाको कार्यालयमार्फत स्वास्थ्य चौकीका लागि जग्गादान गरेका हुन् ।

साविक गा.वि.स. सन्तपुर दो. वडा नं. ७ किता नं. १३५९ क्षेत्रफल ४ कट्ठा दान गरेको जग्गामा नगरपालिकाको सहयोगमा स्वास्थ्य चौकीको भवन, बर्थिङ्ग सेन्टर, स्वास्थ्यकर्मीका लागि आवश्यक आवास भवन निर्माण हुने जग्गा दाता मो.शेराजको पत्नी एवं फतुवा विजयपुर नगरपालिकाको कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले बताइन् ।

जग्गा दाता मो. शेराजले मानवीय सेवाका लागि जग्गादान गर्न पाउनु आफ्नो लागि गौरव बनेको चर्चा गर्दै बाँच्न भन्दा बचाउन ठूलो, गर्नभन्दा गराउनु ठूलो रहेको विचार राखे ।

स्वास्थ्य संस्थालाई प्राप्त भएको जग्गामा चाँडै बर्थिङ्ग सेन्टर (प्रसूतिगृह) सहितको स्वास्थ्य केन्द्र निर्माण प्रक्रिया अगाडि बढाइने प्रमुख प्रशासकीय अधिकृत भरत यादवले जानकारी दिए ।

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०९/२४ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राइटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राइटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : ओम शिव एण्ड स्नेहा ट्रेडर्स प्रा.लि.**<br>नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय/विभाग<br>दर्ता नं. १९४६९०/०७५/०७६, दर्ता मिति : २०७५/०४/१६<br>ठेगाना : का.म.न.पा. - १४, कुलेश्वर, काठमाडौं<br>**संचालक तथा शेयरधनी : वैजु लाल दास वनिया, शाखा कार्यालय : डिल्लीबजार** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : वैजु लाल दास वनिया**<br>बाबुको नाम : भुजेन्द्र दास वनिया<br>बाजेको नाम : फुलवारी दास<br>ठेगाना : भलोहिया - ५, रौतहट<br>हाल : काठमाडौं - १४, काठमाडौं<br>ना.प्र.प.नं. १७७७, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५३/१०/२७ | **२. नाम : रेणु देवी दास**<br>पतिको नाम : वैजु लाल दास वनिया<br>ससुराको नाम : भुजेन्द्र दास वनिया<br>ठेगाना : वरहथवा - ८, सर्लाही<br>हाल : काठमाडौं - १४, काठमाडौं<br>ना.प्र.प.नं. १९३०७९/९१, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६३/१२/१५ |
| | **धितोको विवरण** | |
| | वैजु लाल दास वनियाको नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता रहेको गंगापुरसीतापुर -८ ख, सर्लाही स्थित कि.नं. ३१४९ को क्षेत्रफल ८४.६६ व.मि. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ माघ ०९ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ माघ १० गते बिहीबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)**
**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६५६,**

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०९/२४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ माघ १० गते विहिबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**बिर्तामोड, झापा शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| **सम्भु पोखेल**<br>ना.प्र.नं. ०४१०३१/२३७२<br>जारी मिति २०६८/०३/१२ जि.प्र.का. झापा<br>बाबु : केशव पोखेल<br>बाजे : लक्ष्मी कान्त पोखेल<br>पत्नी : सुजाना संग्रौला<br>स्थायी ठेगाना- झापा जिल्ला, सुरूङ्गा गा.बि.स.वडा नं. ०५<br>हालको ठेगाना- झापा जिल्ला, कन्काई न.पा. वडा नं. ०४ | १. **सम्भु पोखेल**को नाममा मालपोत कार्यालय, झापामा दर्ता कायम रहेको झापा जिल्ला, सुरुङ्गा गा.बि.स वडा नं ०५ स्थित कित्ता नं. ९३७९ र ९३८१ को क्षे.फ. क्रमश: ०-३-६.७५-० र ०-०-१२.२५-० (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । |
| **व्यक्तिगत जमानीकर्ताहरूको विवरण** | |
| १. **केशव पोखेल**<br>ना.प्र.नं. १४५/१३१३०<br>जारी मिति २०५३/०१/२४ जि.प्र.का.भोजपुर<br>बाबु : लक्ष्मी कान्त पोखेल<br>बाजे : भगीरथ पोखेल<br>पत्नी : सीता देवी पोखेल<br>स्थायी ठेगाना- भोजपुर जिल्ला मुलपानी गा.बि.स.वडा नं. ०३<br>हालको ठेगाना- झापा जिल्ला, कन्काई न.पा. वडा नं. ०४<br>२. **सुजाना संग्रौला**<br>ना.प्र.नं. ०४-०१-७१-०३१७५<br>जारी मिति २०७१/०३/०८ जि.प्र.का.झापा<br>बाबु : पुण्य प्रसाद संग्रौला<br>पति : सम्भु पोखेल<br>स्थायी ठेगाना- झापा जिल्ला कन्काई न.पा.वडा नं. ०४<br>हालको ठेगाना- ऐ.ऐ | ३. **सीता देवी पोखेल**<br>ना.प्र.नं.९१५२५१०<br>जारी मिति २०६१/०१/२३ जि.प्र.का.झापा<br>बाबु : ऋषीकेश चापागाइ<br>पति : केशव पोखेल<br>ना.प्र.को ठेगाना झापा जिल्ला सुरुङ्गा गा.बि.स वडा नं ०५<br>हालको ठेगाना- झापा जिल्ला, कन्काई न.पा. वडा नं ०३ |

**जोशीपुर शाखा**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| औद्योगिक व्यवसाय ऐन २०४९ को दफा ५ र सोही ऐनको दफा ३ 'च' अनुसार घरेलु/साना उद्योग अन्तर्गत सोही ऐनको दफा १२ बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलालीमा मिति २०६४/११/०१ मा प्रा.फ.र.नं. १७४/५६०२/०६४/०६५ कायम भई दर्ता रहेको कैलाली जिल्ला, जोशीपुर गा.वि.स. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेका **वंशिराम ग्रिल उद्योग**<br>**प्रोप्राईटर - वंशी राम डगौरा** | १. **वंशी राम डगौरा**को नाममा मालपोत कार्यालय, टीकापुर कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, मुढ्रि गा.वि.स/न.पा. वडा नं. ३ स्थित किता नं. ७०३ र ७८३ को क्षे.फ. क्रमश ०-०-६, र ०-०-१ (वि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सो को सम्पुर्ण लिगलगापातहरु समेत । |
| **व्यक्तिगत जमानीकर्ताहरूको विवरण** | |
**पूनश्च** : उल्लिखित ऋणी/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/१०/०२ गते र बोलपत्र खोलिने मितिः २०८१/१०/०३, समयः दिनको : ३:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

**MANJUSHREE FINANCE LIMITED**
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)
ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीकालागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०९/२४**

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयहरुबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय-समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनै पनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामकालागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ वानेश्वरमा ०८ औं दिनवा सो दिन विंदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन दिउसो ४:०० बजे खोलिने हुँदा उक्त दिन सम्वन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्वन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्वन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा नीति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल :**

### १. ऋणीको विवरण

**ऋणीको नाम : राम लक्ष्मण दुवे**
बाबु : रुद्र नारायण दुवे
बाजे : कल्पनाथ
ना.प्र.नं. : १६०१
जारी मिति : २०४५/०२/०२, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला बसौली नगर/गा.प. वडा नं. ०९।
हाल : रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।
**कर्जाको प्रकार : व्यक्तिगत अधिविकर्स रियल स्टेट कर्जा, सानो सजीलो कर्जा।**

**ऋणीको नाम : जितेन्द्र कुमार दुवे**
बाबु : राधे श्यामदुवे
बाजे : राम लक्ष्मण दुवे
ना.प्र.नं. : २२४७
जारी मिति : २०५७/०९/१७, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला गोनहा उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ को परिवर्तित रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।

**व्यक्तिगत जमानिकर्ता : श्रीमती ज्ञानमति दुवे**
बाबु : श्री कल्पनाथतीवारी
पति : राधेश्यामदुवे
ना.प्र.नं. : २/१७३२
जारी मिति : २०४६/०५/१८, जि.प्र.का. : रुपन्देही
ठेगानाः रुपन्देही जिल्ला बसौली नगर/गा.प वडा नं.०९।
हालः रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।

**व्यक्तिगत जमानिकर्ता : राधेश्याम दुवे**
बाबु : राम लक्ष्मण दुवे
बाजे : रुद्र नारायण दुवे
ना.प्र.नं. : २७७९६
जारी मिति : २०३५/११/१४, जि.प्र.का. : रुपन्देही
ठेगानाः रुपन्देही जिल्ला बसौली नगर/गा.पा. वडा नं. ०९।
हालः रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।

**व्यक्तिगत जमानिकर्ता : पवित्रा त्रिपाठी**
बाबु : हरिराम त्रिपाठी
पति : जितेन्द्र कुमार दुवे
ना.प्र.नं. : १९७०५
जारी मिति : २०६६/०६/१९, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला मधुवनी उ.म.न.पा./गा.वि.स. वडा नं. ०२।
हालः रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।

**व्यक्तिगत जमानिकर्ता : उपेन्द्र कुमार दुवे**
बाबु : राधेश्याम दुवे
बाजे : रुद्र नारायण दुवे
ना.प्र.नं. : ३७३०६९/४०
जारी मिति : २०७०/०३/१२, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देही जिल्ला गोनहा उ.म.न.पा./गा.वि.स. वडा नं. ०६ को परिवर्तित रुपन्देही जिल्ला मायादेवी गा.पा. वडा नं. ०६।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**
श्री राम लक्ष्मण दुवेको नाममा मा.पो.का., रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बर्सौली गा.वि.स./न.पा. वडा नं. ८, नक्सा सिट नं. ८क स्थित कि.नं. १६०७ को क्षेत्रफल ०-२-४.५-० (७५३.३५ व.मि.) को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

### २. ऋणीको विवरण

**ऋणीको नाम :** प्राईभेट फर्म दर्ता ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय उद्योग वाणिज्य आपुर्ती तथा उपभोक्ता संरक्षण कार्यालय, भैरवहा, रुपन्देहीमा मिति २०७८/०४/२६ गते, प्रा.फ.र.नं. ५१३१८/०७८/०७९ भई, स्थायी लेखा नं. ६१५५३२२८६ भई रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहेको **रैना कस्मेटिक। (प्रोप्राइटर : सुनन्दा गिरी)**
**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा तथा कलावती क्षेत्री र इन्द्र बहादुर घर्ति क्षेत्रीको संयुक्त नाममा आवाश कर्जा समेत।**

**ऋणीको नाम : कलावती क्षेत्री**
पती : रामबहादुर घर्ति क्षेत्री
ससुरा : गणेश बहादुर
ना.प्र.नं. : ६६३३६
जारी मिति : २०३९/०८/१५, जि.प्र.का. : रुपन्देही
ठेगाना : रुपन्देहीजिल्लाबुटवल उ.म.न.पा./गा.वि.स. वडा नं. ८ को परिवर्तित बुटवल उ.म.न.पा. वडा नं. ६।

**ऋणीको नाम : इन्द्र बहादुर घर्ति क्षेत्री**
बाबु : रामबहादुर घर्ति
ससुरा : गणेश बहादुर
ना.प्र.नं. : ३/१७३७
जारी मिति : २०५१/०३/०९, जि.प्र.का. : रुपन्देही
ठेगानाः रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ८ को परिवर्तित बुटवल उ.म.न.पा. वडा नं. ६।

**प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : सुनन्दा गिरी**
बाबु : धनेश्वर गिरी
बाजे : इन्द्र बहादुर घर्ति क्षेत्री
ना.प्र.नं. : १०२०४-३६८
जारी मिति : २०६०/०४/०५, जि.प्र.का. : बागलुङ
ठेगाना : वागलुङ जिल्ला ढोरपाटन न.पा. वडा नं. १।
हाल : रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ८।

**व्यक्तिगत जमानिकर्ता : विष्णु कुमारी क्षेत्रीनी**
पती : टेकबहादुर क्षेत्री
ससुरा : गणेश बहादुर क्षेत्री
ना.प्र.नं. : ८६०८
जारी मिति : २०३४/०६/२०, जि.प्र.का. : रुपन्देही
ठेगानाः रुपन्देही जिल्ला बुटवल नगर/गाउपञ्चायत वडा नं. ८।
हालः रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ६।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**
कलावती क्षेत्री र इन्द्र बहादुर घर्ति क्षेत्रीको संयुक्त नाममा मा.पो.का., बुटवल, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. १०, नक्सा सिट नं. ०९८११९९०८ स्थित कि.नं. ३७२ को क्षेत्रफल १३३.३५ व.मि. को घर/जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत।

**शर्तहरुः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।-तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तीय संस्थाले लिन सक्नेछ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औ दिन (सो दिन विदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ वानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीकालागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं
**समय** : दिउसो ४:०० बजे, **मिति** : २०८१/१०/०३

**यूएईमा रोजगार** | कम्पनी : POWER RECRUITMENT LLC | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/१६ | चलानी नं.: ६०२३०५७९ | L.T. No: 316282

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 100 | 0 | स. काममा दक्ष | 800 | २९,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Fusion International Pvt.Ltd.**
Gov License No: 283/058/059
Panchakumari Marga, New Baneshwor,Kathmandu, Nepal, Tel 01-4465326 | 9805672246
Email: info@fusionintlpvt.com, Website:www.fusionintlpvt.com

# 'दुःखी आत्मा'मा दयाहाङ र आँचलको रोमान्स



**काठमाडौं/मस–** आगामी फागुन २ गते 'भ्यालेनटाइन डे'को अवसर पारेर प्रदर्शनमा आउन लागेको निर्देशक दीपेन्द्र लामाको नयाँ फिल्म 'दुःखी आत्मा'को टिजर सार्वजनिक भएको छ । मंगलबार निर्माण टिमले युटचुबमार्फत सार्वजनिक गरेको टिजरमा अभिनेता दयाहाङ राई र अभिनेत्री आँचल शर्मा फिचर्ड छन् ।

टिजरले प्रेमलाई केन्द्रबिन्दु बनाएर यौन आकर्षण र दुर्बलताको कथा पेस गरेको छ । दयाहाङको पात्र इरेक्टाइल डिसफंक्सन अर्थात् नपुंसकताको समस्याबाट पीडित देखिन्छ । 'एडल्ट ड्रामा' उल्लेख गरिएको टिजरमा आँचलले कामुक हाउभाउ प्रस्तुत गरेकी छन् । यसमा प्रायः संवाद दोहोरो अर्थ लाग्ने छन् ।

जन्म दिन मनाउन र केक काट्न युवतीले युवकलाई मध्यरातमा घरमा बोलाउँछे । त्यसपछि यी २ को सम्बन्ध कता मोडिएला ? 'एन एडल्ट ड्रामा' लेखिएको टिजरमा पात्रबीचको यौन मनोविज्ञानलाई केलाउन प्रयत्न गरिएको छ । टिजरमा अनुपविक्रम र शिशिर वाङ्देललगायतका सहायक कलाकार पनि छन् ।

फिल्ममा दयाहाङ, आँचल, अनुपविक्रम, शिशिरसहित बुद्धि तामाङ, रेअर राई, पुष्कर गुरुङ, कविता आले, लोकेन्द्र लेखक, दिया मास्के, आशान्त शर्मा, लुनिभा तुलाधरलगायतको पनि अभिनय छ । निर्देशक लामा स्वयंको लेखन रहेको फिल्मलाई हिमाल कडरियाले निर्माण गरेका हुन् ।

क्लक वर्क क्रियसनको ब्यानरमा निर्माण भएको फिल्मको कार्यकारी निर्मातामा सुदीप ढकाल छन् । आलोक शुक्लाको छायांकन रहेको फिल्ममा निमेष श्रेष्ठको सम्पादन, रामजी लामिछानेको कोरियोग्राफी तथा रोहित शाक्यको ब्याकग्राउन्ड स्कोर छ ।

## 'सोल्टिनी'को छायांकन सुरु



**काठमाडौं/मस–** फिल्म 'सोल्टिनी'को छायांकन सुरु गरिएको छ । मंगलबार इलामस्थित सानो पाथीभरा मन्दिरमा शुभसाइत गरेसँगै छायांकन थालिएको हो । ३१ दिनको तालिकामा इलाम तथा भोजपुरमा फिल्मको छायांकन हुने निर्देशक अर्जुन सुवेदीले जानकारी दिए ।

प्रकाश सपूतसहित फिल्ममा परीक्षा लिम्बू, सब्बु गुरुङ र सुन्दर धितालले मन्दिर परिसरमा फिल्मको पहिलो दृश्य दिए । यो फिल्मको छायांकन इलाम र भोजपुरका मनोहर ठाउँमा हुने जनाइएको छ ।

फिल्ममा विल्सनविक्रम राई, रवीन्द्र झा, प्रकाश घिमिरे, प्रेम सुब्बा, कविता आले, सुजन खतिवडाको पनि अभिनय हुने छ । प्रकाशले 'भीमसेन पोखरेल' र परीक्षाले 'दिलाशा राई'को मुख्य भूमिका निर्वाह गर्ने घोषणा यसअघि नै भइसकेको छ ।

सुशन प्रजापतिको छायांकन रहने 'सोल्टिनी'मा प्रशान्त सिवाकोटी र हर्कुलस बस्नेतले संगीत दिएका छन् । प्लानेट थ्री फिल्म्सको प्रस्तुति तथा नेपसिने र योलो इन्टरटेनमेन्टको सहकार्यमा बन्न लागेको फिल्मका लेखक अर्जुन सुवेदी र कुमार भट्टराई हुन् । रेजिना बिष्ट र संसार चौलागाईं रहेको फिल्मलाई २ असोज २०८२ मा रिलिज गर्ने तयारी छ ।

## एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८१/०९/२४ को मध्यान्ह राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी ओभरड्राफ्ट सुविधा, डिमाण्ड कर्जा, ट्रष्ट रिसिप्ट कर्जा, आवधिक कर्जा, बैंक जमानत र अपरिवर्त्य प्रतितपत्र शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिनका दिन अर्थात मिति २०८१/१०/०२ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा ब्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । गोप्य शिलवन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण**

**ऋणीको नामः कपिलवस्तु ऐग्रोफिड प्रा.लि.**
(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: १३००९०/०७१/७२, दर्ता मितिः२०७१/०९/०९, स्थायी लेखा नं.: ६०२४५१८११, ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. १४ ।

**ऋणी कम्पनिका सञ्चालकहरुः**

**क. अम्बिका गुप्ताः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३४ (२०३७/०७/२०/कपिलवस्तु), बाजेको नामः गुरु प्रसाद गुप्ता, बाबुको नामः विश्वनाथ, ठेगानाः कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. १ ।
**ख. मीना वर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११४१ (२०५७/०७/०७/कपिलवस्तु), बाजेको नामः मिश्री लाल शाह, बाबुको नामः कैलाश प्रसाद शाह, पतिको नामः दिनेश वर्मा, ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. २ ।
**ग. थानेश्वर सापकोटाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/०४/५५३३८ (२०६१/४/२१/कपिलवस्तु), बाजेको नामः नरिश्वर सापकोटा, बाबुको नामः पुनाराम सापकोटा, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स., वडा नं. ६ ।
**घ. बिष्णु प्रसाद कसौधनः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३९२ (२०३३/०१/०६/कपिलवस्तु), बाजेको नामः गोकुल कसौधन, बाबुको नामः शुकदेव प्रसाद कसौधन, ठेगानाः कपिलवस्तु जिल्ला, विजुवा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, मायादेवी गा.पा., वडा नं. ३ ।
**ङ. भगवान दास अग्रहरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४६८५ (२०५४/०४/३०/कपिलवस्तु), बाजेको नामः दुखी अग्रहरी, बाबुको नामः शिव प्रसाद अग्रहरी, ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. अम्बिका गुप्ताः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३४ (२०३७/०७/२०/कपिलवस्तु), बाजेको नामः गुरु प्रसाद गुप्ता, बाबुको नामः विश्वनाथ, ठेगानाः कपिलवस्तु जिल्ला, लालपुर गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. १ ।
**ख. मीना वर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३११४१ (२०५७/०७/०७/कपिलवस्तु), बाजेको नामः मिश्री लाल शाह, बाबुको नामः कैलाश प्रसाद शाह, पतिको नामः दिनेश वर्मा, ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. २ ।
**ग. थानेश्वर सापकोटाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १/०४/५५३३८ (२०६१/४/२१/कपिलवस्तु), बाजेको नामः नरिश्वर सापकोटा, बाबुको नामः पुनाराम सापकोटा, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स., वडा नं. ६ ।
**घ. बिष्णु प्रसाद कसौधनः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३९२ (२०३३/०१/०६/कपिलवस्तु), बाजेको नामः गोकुल कसौधन, बाबुको नामः शुकदेव प्रसाद कसौधन, ठेगानाः कपिलवस्तु जिल्ला, विजुवा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, मायादेवी गा.पा., वडा नं. ३ ।
**ङ. भगवान दास अग्रहरीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १४६८५ (२०५४/०४/३०/कपिलवस्तु), बाजेको नामः दुखी अग्रहरी, बाबुको नामः शिव प्रसाद अग्रहरी, ठेगानाः कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. ५ ।
**च. पुनाराम सापकोटाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २७८५/६९३ (२०४६/३/२८/कपिलवस्तु), बाजेको नामः प्रजापति सापकोटा, बाबुको नामः नरिश्वर सापकोटा, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स., वडा नं. ६ ।
**छ. प्रतिभा विमलीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४३२४४ (२०६६/११/५/सुनसरी), बाबुको नामः नर प्रसाद विमली, ससुराको नामः पुनाराम सापकोटा, पतिको नामः थानेश्वर सापकोटा, ठेगानाः सुनसरी जिल्ला, दुहवि गा.वि.स., वडा नं. ५ ।
**ज. विष्णु प्रसाद सापकोटाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८-०६-७७-००१६० (२०७७/०४/१६/कपिलवस्तु), बाजेको नामः नरिश्वर सापकोटा, बाबुको नामः पुनाराम सापकोटा, ठेगानाः कपिलवस्तु जिल्ला, बाणगंगा न.पा., वडा नं. २ ।

**लिलाम हुने धितोको विवरणः**

**अ.** नरिश्वर सापकोटाको नाति, पुनाराम सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स., वडा नं. ६ बस्ने **थानेश्वर सापकोटा**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरुः
**(क)** कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कि.नं. १३४६ र १३५८ को क्षेत्रफल ०-०-१०-० र ०-०-१०-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**(ख)** कपिलवस्तु जिल्ला, ठू.पिपरा गा.वि.स./न.पा., वडा नं. ८/ख स्थित कि.नं. ११३१ र ११३२ को क्षेत्रफल ०-०-१०-० र ०-०-१०-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**आ.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको कपिलवस्तु ऐग्रोफिड प्रा.लि. को नाममा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरुः
**(क)** कपिलवस्तु जिल्ला, मालपारा गा.वि.स./न.पा. वडा नं. ९/ख स्थित कि.नं. ५०५, ५०६, ७५८ र ८४१ को क्षेत्रफल क्रमश ०-३-०-०, ०-२-६-०, ०-७-१-० र ०-४-१५-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**(ख)** कपिलवस्तु जिल्ला, मालपारा गा.वि.स./न.पा., वडा नं. २/ख स्थित कि.नं. १९८ को क्षेत्रफल ०-१३-३-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**इ.** दुखी अग्रहरीको नाति, शिव प्रसाद अग्रहरीको छोरा, कपिलवस्तु जिल्ला, कपिलवस्तु न.पा., वडा नं. ५ बस्ने **भगवान दास अग्रहरी**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तु को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरुः
**(क)** कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स./न.पा., वडा नं. ४/ख स्थित कि.नं. २५ को क्षेत्रफल ०-५-२-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**(ख)** कपिलवस्तु जिल्ला, वरगदवा गा.वि.स./न.पा. वडा नं. ३/ख स्थित कि.नं. ४४९, ५३३, ५२७, ५२८, ५२९ र ५३० को क्षेत्रफल क्रमश ०-०-४-०, ०-०-४-०, ०-४-१६-२, ०-१-१६-३, ०-२-९-१ र ०-३-७-२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ई.** प्रजापति सापकोटाको नाति, नरिश्वर सापकोटाको छोरा, कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स. वडा नं. ६ बस्ने **पुनाराम सापकोटा**को नाममा मालपोत कार्यालय कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठू. पिपरा गा.वि.स./न.पा. वडा नं. ६/ख स्थित कि.नं. ६४७, ६४९ र १५८३ को क्षेत्रफल क्रमश ०-१-०, ०-१-० र ०-४-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**उ.** नर प्रसाद विमलीको छोरी, पुनाराम सापकोटाको बुहारी, थानेश्वर सापकोटाको पत्नि सुनसरी जिल्ला, दुहवि गा.वि.स., वडा नं. ५ बस्ने **प्रतिभा विमली**को नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा., वडा नं. २/ख स्थित कि.नं. २०६२ को क्षेत्रफल ०-०-१०-० बिघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऊ.** नर प्रसाद विमलीको छोरी, पुनाराम सापकोटाको बुहारी, थानेश्वर सापकोटाको पत्नि सुनसरी जिल्ला, दुहवि गा.वि.स., वडा नं. ५ बस्ने **प्रतिभा विमली**को नाममा मालपोत कार्यालय रौतहटको लगतमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया मटियौन गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. ७६० को क्षेत्रफल ०-१९-१६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋ.** ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरूप लेखिदिएको सम्पूर्ण माल सामान, प्लान्ट/मेशिनरी (Plant & Machinery) उपकरणहरू र Factory भित्र र सोको प्राङ्गणमा रहेको सम्पूर्ण चल तथा स्थिर सम्पत्तिहरू ।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

## नबिल बैंक लिमिटेड, घण्टाघर शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८१/०९/२४)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०८/०९ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **घण्टाघर शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/११/२१ मा दर्ता नं. १४६१९३/०७२/०७३ अन्तर्गत दर्ता भएको **कार्यविनायक हाउजिङ्ग प्रा. लि. ।**
ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १०, काठमाडौं ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कृष्णराज काफ्लेको नाति, पुष्पराज शर्माको छोरा स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. १७८३/८१२८/१८७३/४८७४४ (जारी मिति २०३६/०४/३०, स्थान काठमाडौं) भएका **सुवास राज काफ्ले ।**
२. शिव प्रसाद आचार्यकी छोरी, पुष्पराज शर्माकी बुहारी, सुवास राज काफ्लेकी श्रीमति सुनसरी जिल्ला धरान न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने, ना.प्र.नं. ८५७० (जारी मिति २०३९/१०/२४, स्थान काठमाडौं) भएकी **उमा काफ्ले ।**

**धितोको विवरण**

१. ऋणी **कार्यविनायक हाउजिङ प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स वडा नं. ६, नक्सा सीट नं ६क मा अवस्थित कि.नं. ३१, ६९१ र ३० क्षेत्रफल कमशः ०-११-१९-०, ०-१३-७-० र ०-९-१३-० बिगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी **कार्यविनायक हाउजिङ प्रा. लि.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, जगतपुर गा.वि.स वडा नं. ९, नक्सा सीट नं ९क मा अवस्थित कि.नं. २६, १९० र २६५ क्षेत्रफल कमशः ०-३-८-०, ०-१७-१४-० र ०-४-०-० बिगाह घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **घण्टाघर शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/०९ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **घण्टाघर शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१०/१० गते ३:०० बजे बैंकको **घण्टाघर शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **घण्टाघर शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१


## साउदीमा रोजगार

कम्पनीः QASR AL MONTAZAH RESTAURANT COMPANY FOR FOOD MEALS शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/०९/२२ चलानी नं.: ६०२३०९८१ L.T. No.: 316653

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loader & Unloader | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

## कतारमा रोजगार

कम्पनीः PIGEON SECURITY SERVICES WLL शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८१/०९/२२ चलानी नं.: ६०२३०९८७ LT. No.: 316702

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 7 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 3 | 0 | | 1500 | ५६,३८५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,9823485185, 9829217688
Email: documantation.guideline2022@gmail.com, Web: www.guidelinerecruitment.com

## यूएईमा रोजगार

कम्पनीः AL NAJMA AL FAREDA BUILDING MAINTENANCE शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/११/०९ चलानी नं.: ६०२१५२७० LT. No.: 300259 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ४४,७७२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २ गते (15 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**J.S.N. International Pvt. Ltd.**
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

# अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरू पुरस्कृत



**काठमाडौं/मस-** नेपाल सरकारले विभिन्न ३ खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताका पदक विजेता खेलाडीसहितको टोलीलाई सोमबार नगद पुरस्कार प्रदान गरेको छ । राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को अनुसूची- ४ को बुँदा नं. १४ मा व्यवस्था भएको पुरस्कार प्रदान गरिएको हो । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को सिफारिस र युवा तथा खेलकुद मन्त्रालयको प्रस्तावमा तीन खेलका पदक विजेतासहितको टोलीलाई नेपाल सरकारले कुल १ करोड १ लाख ४० हजार नगदबाट पुरस्कृत गऱ्यो ।

गत कात्तिक १ देखि १४ गतेसम्म काठमाडौंमा भएको साफ महिला फुटबल च्याम्पियनसिपको रजत विजेता २३ खेलाडीसहित २८ सदस्यीय टोलीलाई ७४ लाख ६० हजार रुपैयाँ नगद पुरस्कार दिइयो । खेलाडीहरु अञ्जिला तुम्बापो सुब्बा, पूजा राना, अमृत जैसी, हिराकुमारी भुजेल, रेनुका नगरकोटे, सरु लिम्बू, रश्मीकुमारी घिसिङ, गीता राना, प्रीति राई, सविता राना मगर, अमिशा कार्की, उषा नाथ, विमला विक, समिक्षा घिमिरे, अनिता बस्नेत, रेखा पौडल, अनिता केसी, विमला चौधरी, अन्जना राना मगर, निशा थोकर, सजनी ठोकर, दिपा शाही र सावित्रा भण्डारीले जनही ३ लाख नगद पुरस्कार पाए ।

मुख्य प्रशिक्षक राजेन्द्र तामाङले २ लाख, सहायक प्रशिक्षक भगवती थापा र सहायक प्रशिक्षक (गोलकिपिङ) विनोद महर्जनले समान ६०-६० हजार तथा व्यवस्थापक विन्द्रा देवान र फिजियोथेरापिष्ट नविना श्रेष्ठले समान जनही १ लाख २० हजार नगद पुरस्कार प्राप्त गरे । अन्जिला, पूजा, अमिशा, समिक्षा, रेखा, सजनी र सावित्रा भने कार्यक्रममा उपस्थित थिएनन् । गत असोजमा चीनको हाङझावमा भएको २०औं एसियाली सिनियर कराते च्याम्पियनसिपका पदक विजेता समान १-१ खेलाडी र प्रशिक्षकलाई कुल ७ लाख ८० हजार प्रदान गरियो । महिला ६८ केजीमाथि ऐतिहासिक रजत जितेकी एरिका गुरुङलाई ६ लाख तथा प्रशिक्षक कुशल श्रेष्ठलाई १ लाख ८० हजार नगद पुरस्कृत भए ।

गत साउनमा भुटानको थिम्पुमा भएको काभा बिच पुरुष तथा महिला भलिबल प्रतियोगिताका पदक विजेता ४ खेलाडी र १ प्रशिक्षक गरी ५ जनालाई जम्मा १९ लाख नगद पुरस्कार वितरण गरियो । स्वर्ण विजेता महिला टोलीका कमला पुन र मनीषाकुमारी चौधरीले जनही ५ लाख नगद पुरस्कार प्राप्त गरे । रजत विजेता पुरुष टोलीका मानबहादुर श्रेष्ठ र दिलबहादुर सुनारले समान ३-३ लाख नगद पुरस्कार हात पारे । मान र दिलको पनि कार्यक्रममा उपस्थित थिएन । दुवै टोलीका मुख्य प्रशिक्षक रुपेशकुमार विष्टले ३ लाख नगद पुरस्कार प्राप्त गरे ।

राखेपका संरक्षक प्रधानमन्त्री केपी शर्मा ओली र खेलकुद मन्त्री तेजुलाल चौधरीले खेलाडीसहितको टोलीलाई बालुवाटारमा आयोजित एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा राखेपका सदस्य-सचिव टंकलाल घिसिङ, खेलकुद मन्त्रालयका सचिव सुमनराज आर्यल, सम्बन्धित राष्ट्रिय खेल संघका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो ।

### एन्फा महिला लिग

## पुलिस शीर्ष स्थानमा उक्लियो

**काठमाडौं/मस-**एन्फा महिला लिग फुटबलको दोस्रो चरणको खेलमा नेपाल पुलिस क्लब विजयी भएको छ ।




एन्फा कम्प्लेक्सको मैदानमा मंगलवार भएको खेलमा पुलिसले बाग्मती युथलाई २-० गोलले हराएको छ । यो जीतसँगै पुलिस ३ खेलमा ७ अङ्कसहित तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । बाग्मती ३ खेलमा अंकविहीन हुँदै चौथो स्थानमा छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा भएको एन्फा महिला लिगको पहिलो चरणपछि पाँच वटा टोली दोस्रो चरणको सुपर फाइभमा पुगेका छन् । एन्फा महिला लिगमा १० वटा टोली सहभागी थिए ।

दोस्रो चरण १६ माघसम्म चल्नेछ । दोस्रो चरणमा पुलिस, बाग्मती युथसहित त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी बलको एपीएफ क्लब र स्याङ्जाको वालिङ नगरपालिका पुगेका छन् ।

## थाइल्यान्डबाट ६ खेलाडी एनकेएल खेल्न आइपुगे



**काठमाडौं/मस-** एस्ट्रोनिक्स म्यानेजमेन्टद्वारा आयोजित नेपाल कबड्डी लिग (एनकेएल) खेल्न थाइल्यान्डबाट ६ खेलाडी मंगलबार काठमाडौं आइपुगेका छन् ।

विराटनगर ब्यान्डिट्सले रत्तनाकोन योत्ससुङनोएन र नोफाडोन पोन्ताइसोनलाई भित्र्याएको हो । तानोङसाक श्रेइरा र चायफोन कामुनी जनकपुर नाइट्समा आबद्ध भएका छन् । त्यस्तै, रोएनग्रोम चातुरोनफाइसन र साहरात फेतचुईले काठमान्डु माभरिक्सबाट एनकेएल खेल्दैछन् । एस्ट्रोनिक्स म्यानेजमेन्टका चेयरमेन अमित बेगानीकाअनुसार यसअघि नै बंगलादेश र केन्याबाट पाँच खेलाडी तथा भारतबाट दुई प्रशिक्षक आइसकेका छन् । बिदेशी १७ खेलाडीमध्ये ६ खेलाडी पनि चाँडै आइपुग्ने उनले बताए ।

त्रिपुरेश्वरस्थित कभर्डहलमा जनवरी १७ देखि हुने एनकेएलको पहिलो सिजन सुरु हुनेछ । फ्रेन्चाइज प्रतियोगितामा ६ सहरका ६ टिमले प्रतिस्पर्धा गर्दैछन् । एनकेएलको पहिलो सिजनमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमान्डु माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेडर्स र धनगढी वाइल्डक्याट्सले खेल्दैछन् ।

---

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com
शाखा कार्यालय: बुटवल, रुपन्देही

### निक्षेप रकम उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८१/०९/२४**

अनङ्ग मान कर्माचार्यको बुहारी, बेगेन्द्र मान कर्माचार्यको श्रीमती पाल्पा जिल्ला तानसेन न.पा.वडा नं-०४ बस्ने ना.प्र.नं.३९-०१-७८-४३८२ जि.प्र.का.पाल्पा,जारी मिति २०४६/०३/०७ भएको यस बैंकका निक्षेप ग्राहक श्री तारा लक्ष्मी कर्माचार्यको मिति २०८१/०४/२६ गतेको दिन मृत्यु भएको भनी मृत्युदर्ताको प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित अनङ्ग मान कर्माचार्यको नाति/नातिनी, बेगेन्द्र मान कर्माचार्यको छोरा/छोरी पाल्पा जिल्ला तानसेन न.पा.वडा नं-०४ बस्ने विकास मान कर्माचार्य र लिना कर्माचार्यले यस बैंकमा रहेको खाता नं. ०२२१४१००३८१३०६००००१, ०२२१६८००३८१३०६००००२४ र ०२२१६८००३८१३०६००००२५ को निक्षेप रकम भुक्तानी पाऊँ भनी निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकममा निज निवेदक बाहेक अन्य कसैको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिनभित्र** प्रमाण सहित यस बैंकको शाखा कार्यालय बुटवलमा आफ्नो हकदावी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र कसैको हकदावी पर्न नआएमा उक्त खातामा रहेको रकम नियमानुसार भुक्तानी गरिने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।


### साउदीमा रोजगार

कम्पनी: YASSER IBRAHIM BIN OTHAIM CONTRACTING ESTABLISHMENT शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०९/२३ चलानी नं.: ६०२३१००७ L.T. No.: 316800

